# मल्लरानीको चिनारी

## (स्थानीय विषयको पाठ्यपुस्तक)

**कक्षा**
**७**











# मल्लरानीको चिनारी

## (स्थानीय विषयको पाठ्यपुस्तक)

## कक्षा- ७


लेखन तथा सम्पादन

सचितानन्द घिमिरे

अशोक सुवेदी



प्रकाशक

मल्लरानी गाउँपालिका

प्यूठान, लुम्बिनी प्रदेश, नेपाल

## पाठ्यक्रम निर्माण कार्यदल

संयोजक: दिनामणी पौडेल

सदस्य : ध्रुव गिरी

सदस्य : कल्पना खड्का

सदस्य : वसन्त लाल शाक्य

सदस्य-सचिव : ठाकुर प्रसाद आचार्य

## सूचना सङ्कलक

पिताम्बर पौडेल

चक्रपाणी पौडेल

गोविन्द प्रसाद पौडेल

जिवलाल पौडेल

कमला कार्की

प्रकाशक

मल्लरानी गाउँपालिका

प्यूठान, लुम्बिनी प्रदेश, नेपाल

## विषयवस्तु सम्पादन

बद्री प्रसाद दाहाल

## परामर्श सेवा

नेपाल करियर ट्रेनिङ फाउण्डेशन प्रा.लि. काठमाडौँ

## प्रतिलिपि अधिकार

प्रकाशन

## संस्करण

दोस्रो २०८१

## कम्प्युटर लेआउट

पवन खपाङ्गी मगर

# xfd{]egf0

सीप, संस्कार र प्रविधि सहितको शिक्षा आजको आवश्यकता हो । यस सन्दर्भमा मल्लरानी गाउँपालिका स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनले विद्यार्थीलाई विश्वव्यापी रूपले सोच्ने, समालोचनात्मक सिप र स्थानीय आवश्यकता अनुसार कार्य गर्न सक्ने बनाउनुका साथै स्थानीय ज्ञान, सिप र प्रविधिलाई स्थानीय परिवेशमा प्रयोग गर्न र स्थानीय मूल्य मान्यता, रीतिरिवाज, संस्कार, संस्कृति, पेसा, व्यवसाय र प्रविधिको संरक्षण र संवर्धन गर्न सक्ने क्षमताको विकास हुने अपेक्षा गरेका छौं ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत तह कक्षा १–३ मा साप्ताहिक पाठ्यभार ५, पाठ्यघण्टा १६० र कक्षा ४–८ मा पाठ्यभार ४, कार्यघण्टा १२८ रहने गरी मातृभाषा र स्थानीय विषयवस्तु सिकाउन सकिने व्यवस्था गरेको छ । यहाँको स्थानीय आवश्यकतालाई आत्मसात गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी स्थानीय पाठ्यक्रम विकास तथा मार्गदर्शन २०७६ का आधारमा तयार गरिएको मल्लरानी गाउँपालिकाको स्थानीय पाठ्यक्रम अनुसार आधारभूत तह कक्षा १–८ को स्थानीय पाठ्यपुस्तक (**मल्लरानीको चिनारी**) तयार गरिएको हो ।

मल्लरानी गाउँपालिकाको स्थानीय पाठ्यपुस्तक (**मल्लरानीको चिनारी**) कक्षा १–८ तयार गर्न सल्लाह सुझाव र सहयोग गर्नुहुने मल्लरानी गाउँपालिकाका वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, गाउँ शिक्षा समितिका सदस्यज्यूहरू, पाठ्यक्रम निर्माण कार्यदलका सदस्यज्यूहरू, प्रधानाध्यापकज्यूहरू, सूचना व्यवस्थापकज्यूहरू, लेखक, सम्पादक, डिजाइनर लगायत पाठ्यपुस्तक निर्माणमा खटिनुहुने सम्पूर्णमा धन्यवाद दिन चाहन्छौं । आगामी दिनहरूमा स्थानीय पाठ्यपुस्तकको प्रभावकारी कार्यान्यवन गर्न सम्बन्धित पक्षले महत्त्वपूर्ण भूमिका खेल्नु हुनेछ यो स्थानीय पाठ्यपुस्तक मल्लरानी गाउँपालिकाका सबै विद्यालयहरूमा पूर्णरूपमा कार्यान्वयन हुनेछ भन्ने आसा राख्दै मल्लरानी गाउँपालिकाको समग्र शैक्षिक प्रगतिको कामना गर्दछौं ।

**गिर बहादुर सेजुवाल**
**प्रमुख प्राशासकीय अधिकृत**
**मल्लरानी गाँउपालिका, प्यूठान**

**रमेश कुमार श्रेष्ठ**
**उपाध्यक्ष**
**मल्लरानी गाँउपालिका, प्यूठान**

**कृष्ण बहादुर खड्का**
**अध्यक्ष**
**मल्लरानी गाँउपालिका, प्यूठान**

# ljifo ;'rL


## एकाइ – १ मल्लरानीको परिचय १–१५

पाठ–१ मल्लरानी गाउँपालिका २

पाठ–२ मल्लरानीको जातजाति र संस्कृति ९

## एकाइ – २ हाम्रो वातावरण १६–३२

पाठ–१ वन व्यवस्थापन र वन्यजन्तुको सुरक्षा १७

पाठ–२ हरियाली मल्लरानी २३

पाठ–३ पानी र फोहोरमैला व्यवस्थापन २७

## एकाइ – ३ हाम्रा सम्पदाहरू ३३–५७

पाठ–१ हाम्रो लोकगीत र हाम्रो लोकबाजा ३४

पाठ–२ हाम्रा पर्यटकीय सम्पदाहरू ४१

पाठ–३ सरायनाच, कुलपूजा र रोपाइँ जात्रा ५१

## एकाइ – ४ हाम्रो पेसा, व्यवसाय र प्रविधि ५८–७१

पाठ–१ हाम्रा कृषि उत्पादन ५९

पाठ–२ हाम्रो परम्परागत प्रविधि ६५

## एकाइ – ५ विकासमा सहयोग पुऱ्याउने व्यक्ति तथा सङ्घ संस्था ७२–८९

पाठ–१ शैक्षिक संस्था ७३

पाठ–२ अपाङ्ग सेवा सङ्घ र महिला सहयोग मञ्च ७९

पाठ–३ समाजसेवी कृष्णप्रसाद श्रेष्ठ ८५

## एकाइ – ६ विपत् व्यवस्थापन तथा सुरक्षित विद्यालय ९०–३७

पाठ–१ प्राकृतिक तथा मानवीय प्रकोप ९१


पाठ–२ सुरक्षित विद्यालय ९६

एकाइ १


# मल्लरानीको परिचय

## पूर्व पठन

१. दिइएको चित्र हेरी छलफल गर्नुहोस् :



खलङ्गा बजार



झिमरुक नदी

२. दिइएका प्रश्नका बारेमा समूहमा छलफल गरी कक्षामा प्रस्तुति गर्नुहोस् :

(क) प्राकृतिक स्रोत भनेको के हो ? हामीले किन प्राकृतिक स्रोतको संरक्षण गर्नुपर्छ ?

(ख) हामीले मल्लरानी गाउँपालिकाबाट के के सेवा लिन सक्छौँ ?

पाठ १

# मल्लरानी गाउँपालिका

हामी मल्लरानी गाउँपालिकामा बसोबास गर्छौं । हाम्रो गाउँपालिका लुम्बिनी प्रदेशको प्यूठान जिल्लामा पर्छ । मल्लरानी गाउँपालिकाको कार्यालय वडा नं. ४ स्थित खलङ्गामा रहेको छ । हाम्रो गाउँपालिकामा पाँचओटा वडाहरू छन् । प्रत्येक वडामा वडा कार्यालय छन् । वडा नं. १ को वडा कार्यालय अर्माङमा छ । वडा नं. २ को वडा कार्यालय कुडारमा, वडा नं. ३ को वडा कार्यालयमा निसानटाकुरा स्थानमा छ । वडा नं. ४ को वडा कार्यालय खलङ्गा पाट्रीचोक स्थान र वडा नं. ५ को वडा कार्यालय वेलडाँडा, खैरामा छ । हामीले वडा कार्यालयबाट विभिन्न सेवाहरू पाउँछौं । व्यक्तिगत घटना दर्ता अभिलेख वडा कार्यालयमा नै राखिन्छ । व्यक्तिगत घटना भन्नाले व्यक्तिसँग सम्बन्धित जन्म, विवाह, सम्बन्ध विच्छेद, मृत्यु जस्ता घटनालाई बुझ्नुपर्छ । जग्गा किनबेचको सिफारिस वडा कार्यालयबाट लिनुपर्छ । बसाइँसराइसम्बन्धी राजश्व सङ्कलन वडा कार्यालयमा हुने गर्छ । बाल विकास सञ्चालन अनुमति, बाल उद्यान सञ्चालन गर्ने जस्ता विभिन्न सेवाहरू वडा कार्यालयले प्रवाह गर्दछ ।



पालिकामा पदाधिकारीहरू र कर्मचारीहरू छलफल गरिरहेका

गाउँपालिकाले प्रदेश सरकार तथा सङ्घीय सरकारसँग समन्वय गरी विकास निर्माणका कार्यक्रम सञ्चालन गर्छ । कृषि, पशुपालन, कुखुरापालन, मौरीपालन जस्ता व्यवसायिक फर्महरूको दर्ता र नवीकरण गर्ने काम पनि गाउँपालिकाबाट हुने गर्छ । गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वको एउटा न्यायिक समिति गठन हुन्छ । उक्त न्यायिक समितिले समस्यामा परेका जनतालाई न्यायसम्बन्धी सेवा प्रवाह गर्छ । गाउँपालिका तथा वडा कार्यालयबाट सङ्कलित राजश्वमध्ये ६०% प्रतिशत राजश्व स्थानीय आवश्यकतामा खर्च गर्दछ । आवश्यकता हेरी आधारभूत तह कक्षा १–८ सम्मको विद्यालय सञ्चालनको अनुमति पनि स्थानीय सरकारबाट हुने गर्छ । त्यसैगरी माध्यमिक तहतर्फ कक्षा ९–१२ को विद्यालय सञ्चालनका लागि स्थानीय सरकारले सम्बन्धित निकायमा सिफारिस दिने काम गर्छ । सरकारी तथा गैरसरकारी, सङ्घ संस्थासँग समन्वय गरी विकास निर्माणका काम गर्दछ । गाउँपालिकामा शिक्षा, स्वास्थ्य, सहकारी, भेटनरी, लेखा, योजना तथा अनुगमन शाखाहरू हुन्छन् । गाउँपालिकामा रहेका ती शाखाहरूले जनतालाई सेवा सुविधा प्रदान गर्ने कार्य गर्दछन् । विकास निर्माणका कार्यमा पनि महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् ।

मल्लरानी गाउँपालिका पहाडी क्षेत्रमा रहेको हुनाले यहाँको हावापानी मध्यम अर्थात् न ज्यादै जाडो न ज्यादै गर्मी हुने किसिमको छ । यहाँको भूबनोट भिरालो खालको छ । मल्लरानीको माझपानी, ठूलाचौर, चदुली, बुकेनी र मल्लरानी आदि अग्ला लेकमा जाडो मौसममा हिँउ पर्छ । त्यसैले यी स्थानमा तुलनात्मक रूपमा चिसो हावापानी हुन्छ । पहाडको बेँसीहरूमा तुलनात्मक रूपमा न्यानो हावापानी हुन्छ ।

हाम्रो गाउँपालिका प्रकृतिको भण्डार हो । यहाँ लेक, बेँसी, फाँट, खानी, वनजङ्गल, खोलानाला आदि छन् । यी प्राकृतिक स्रोतहरूको आआफ्नै महत्त्व छ । वास्तवमा प्राकृतिक स्रोतहरू नै हाम्रा जीवनका आधार हुन् । फरक फरक प्राकृतिका स्रोतहरूलाई हामीले फरक फरक किसिमबाट उपयोग गरिरहेका हुन्छौँ ।

विद्यार्थी भाइबहिनीहरू ! हामीले खाने अन्न, गेडागुडी, तरकारी, फलफूल आदि कुराहरू कहाँ फल्छन् ? खेतबारीमा फल्छन् । खेतबारी प्राकृतिक स्रोतमध्ये एक हो । हामीले खेतबारीमा खनजोत गरेर खानेकुरा उब्जाइरहेका हुन्छौँ । त्यसैगरी हाम्रो वरिपरि खोला,



खेतबारीमा लगाइएका बालीनाली

नाला, छाँगा, झरना पनि छन् । यी पानीका स्रोतहरू हुन् । पानीका स्रोतहरूलाई पनि हामी विभिन्न प्रयोगजनमा उपयोग गर्छौं । खाने पानीका रूपमा प्रयोग गर्छौं । सरसफाइका लागि प्रयोग गर्छौं । घरपालुवा जनावरलाई पनि पानी नभई हुँदैन । सिँचाइका लागि पनि पानी नै चाहिन्छ । मत्स्यपालन गर्न, जलविद्युत् निकाल्न पनि पानी अनिवार्य रूपमा चाहिन्छ ।

वनजङ्गल अर्को महत्त्वपूर्ण प्राकृतिक स्रोत हो । वनजङ्गल मानिसलाई मात्र होइन पशु, पन्छी र जनावरलाई पनि अत्यावश्यक हुन्छ । प्राणीका लागि चाहिने प्राणवायु अक्सिजन बोटबिरुवाबाट प्राप्त हुन्छ । वनजङ्गल जङ्गली जनावर र चराचुरुङ्गीको त वासस्थान नै हो । मानिसले पनि वनजङ्गलबाट थुप्रै लाभ लिने गरेको छ । घाँस, दाउरा, काठ आदिको स्रोत केवल वनजङ्गल मात्रै हो ।

खेतबारी, पानी, वनजङ्गल जस्ता विभिन्न प्राकृतिक स्रोतका आआफ्नै महत्त्वहरू छन् । तिनलाई हामीले परापूर्व कालदेखि उपयोग गर्दै आइरहेका छौँ । प्राकृतिक स्रोतहरूको दिगो र व्यवस्थित उपयोगप्रति हामी सबै सचेत हुनुपर्छ । प्राकृतिक स्रोतको दुरुपयोग गर्नाले वातावरणीय खतरा बढ्न सक्छ । मानिसलाई बाँच्न चुनौती हुन्छ । यसको नकारात्मक असर अरू जीव प्राणीमा पनि पर्न जान्छ ।

# अभ्यास

## १ ठिक उत्तरमा चिनो लगाउनुहोस् :

(क) मल्लरानी गाउँपालिकामा कतिओटा वडा छन् ?

(अ) तीनओटा (आ) चारओटा

(इ) पाँचओटा (ई) छओटा

(ख) व्यक्तिगत घटना कहाँ दर्ता गराउनुपर्छ ?

(अ) वडा कार्यालयमा (आ) गाउँपालिका कार्यालयमा

(इ) जिल्ला प्रशासन कार्यालयमा (ई) प्रदेश कार्यालयमा

(ग) मल्लरानीमा कुन प्राकृतिक स्रोत छैन ?

(अ) वनजङ्गल (आ) जलस्रोत

(इ) तामा खानी (ई) लेकबेँसी

(घ) वातावरणीय खतरा बढ्नाको कारण के हो ?

(अ) प्राकृतिक स्रोतको दुरुपयोग (आ) प्राकृतिक स्रोतको सदुपयोग

(इ) आर्थिक अनियमितता (ई) सांस्कृतिक जागरण

## २ खाली ठाउँ भरी वाक्य पूरा गर्नुहोस् :

(क) मल्लरानी गाउँपालिकाको वडा नं. १ को कार्यालय ............................ स्थानमा छ ।

(ख) गाउँपालिकाले .................................. फर्महरूको दर्ता र नवीकरण गर्ने काम गर्छ ।

(ग) आधारभूत तह कक्षा १ -८ को सञ्चालन अनुमति .............................. बाट लिनुपर्छ ।

(घ) मल्लरानी गाउँपालिका ................ को भण्डार हो ।

(ङ) ................. निकाल्न पानीको आवश्यक पर्दछ ।

## ३ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) मल्लरानी गाउँपालिकाको कार्यालय कहाँ छ ?

(ख) व्यक्तिगत घटना भन्नाले के बुझिन्छ ?

(ग) गाउँपालिकाले कसरी विकास निर्माणका कार्य गर्दछ ?

(घ) मल्लरानी गाउँपालिकाका कुन कुन स्थानमा हिउँ पर्छ ?

(ङ) मल्लरानीमा भएका कुनै तीनओटा प्राकृतिक स्रोतका नाम भन्नुहोस् ।

## ४ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) मालपोतसम्बन्धी राजश्व कहाँ तिर्नुपर्छ ?

(ख) गाउँपालिकामा गठित न्यायिक समितिको मुख्य काम के हो ?

(ग) मल्लरानी गाउँपालिकाका कुनै चारओटा शाखाका नाम लेख्नुहोस् ।

(घ) हामीले प्राकृतिक स्रोतलाई कसरी उपयोग गर्नुपर्छ ?

(ङ) मल्लरानी गाउँपालिकाका ज्यादै चिसो हुने स्थान कुन कुन हुन् ?

## ५ दिइएको तालिकामा तपाईँ बसोबास गर्ने वडा कार्यालयबाट प्रवाह गरिने सेवाहरू लेख्नुहोस् :

**मल्लरानी गाउँपालिका**

**वडा नं.** ...................

| क्र.सं. | प्रवाह गरिने सेवाहरू | उदाहरण |
|---|---|---|
| १. | व्यक्तिगत घटना अभिलेख | |
| २. | सिफारिस पत्र | |
| ३. | राजश्व सङ्कलन | |
| ४. | तालिमसम्बन्धी | |
| ५. | जनचेतनामूलक कार्यक्रम | |

**६** **गुगल म्याप हेरी मल्लरानी लुम्बिनी प्रदेशको नक्सा बनाई निम्न कुराहरू देखाउनुहोस् :**

(क) प्यूठान जिल्ला

(ख) मल्लरानी गाउँपालिकाको सम्पूर्ण वडाहरू

(ग) मल्लरानी गाउँपालिकाको सम्पूर्ण वडाहरू


(घ) गाउँपालिकाका मुख्य मठमन्दिर

(ङ) गाउँपालिकाका मुख्य खोलानाला

(च) गाउँपालिकाका मुख्य सडक

(छ) गाउँपालिकाका मुख्य वनजङ्गल

**७** **प्राकृतिक स्रोतका नाम लेखी प्रत्येकका तीन तीनओटा उपयोगिता लेख्नुहोस् :**



८ मल्लरानी गाउँपालिकाको ज्यादै चिसो हावापानी हुने स्थानको भ्रमण गरी त्यस ठाउँको भौगोलिक अवस्थितिका बारेमा छलफल गर्नुहोस् ।

९ मल्लरानी गाउँपालिकाको महत्त्वपूर्ण प्राकृतिक स्थलको सूची बनाई कुनै एक स्थानका बारेमा कक्षामा सुनाउनुहोस् ।

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

१० मल्लरानी गाउँपालिकाबाट प्रवाह हुने सेवालाई चार्ट पेपरमा लेखी कक्षामा प्रस्तुति गर्नुहोस् ।

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

पाठ २

# मल्लरानीको जातजाति र संस्कृति

मल्लरानी गाउँपालिकामा विभिन्न जातजातिका मानिसहरूको बसोबास रहेको छ । त्यसैले हाम्रो गाउँपालिका समावेशी प्रकृतिको छ । यहाँ ब्राह्मण, क्षेत्री, मगर, नेवार, गुरुङ र दलित समुदायका मानिसहरू बसोबास गर्छन् । दलित समुदायका परियार, नेपाली, विश्वकर्मा, गन्दर्भ आदि परिवार हुन् । सबै जातजातिका आआफ्ना भाषा, पहिरन, खानपान, भेषभुषा र संस्कृति छन् ।

ब्राह्मण, क्षेत्री र दलित समुदायको मातृभाषा नेपाली हो । नेवार समुदायको मातृभाषा नेपाल भाषा हो । त्यसैगरी मगरहरूको मातृभाषा मगर र गुरुङहरूको मातृभाषा गुरुङ हो । मल्लरानीका बासिन्दाले दैनिक रूपमा भात, ढिँडो, रोटी आदि खाने गर्छन् । जातजातिअनुसार पर्व विशेषमा परम्परागत परिकार खाने चलन छ । जस्तै : तिहारमा सेलरोटी, यमोरी पूर्णिमामा यमोरी, माघीमा घिउ, चाकु, लड्डु, खिचडी आदि । जातजातिअनुसार मौलिक पहिरन पनि भिन्न भिन्न हुन्छ । पुरुष ब्राह्मण, क्षेत्रीहरूको परम्परागत पहिरन दौरा सुरुवाल हो भने महिलाहरूको पहिरन गुन्यु चोली हो । नेपार पुरुषहरूको परम्परागत पहिरन दौरा सुरुवाल र नेवार महिलाहरूको परम्परागत पहिरन हाकु पटासी हो । मगर पुरुषहरूको मौलिक पहिरन दौरा सुरुवाल अनि महिलाहरूको गुन्यु चोली हो । गुरुङ जातिको पनि मौलिक पहिरन यही हो । प्रायः जातजातिका परम्परागत पहिरनका नाम एउटै भए पनि लगाउने तरिका र गहनाहरूमा प्रशस्तै मौलिकपन देख्न सकिन्छ ।

मल्लरानीमा बसोबास गर्ने सबै जातजातिका परापूर्व कालदेखि मनाउँदै आएका चाडपर्व छन् । साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, दसैँ, तिहार, माघे सङ्क्रान्ति आदि ब्राह्मण, क्षेत्री र दलितहरूको मुख्य पर्व हो । गठेमङ्गल, रोपाईंजात्रा, कृष्णजात्रा, गाईजात्रा, यमोरी पूर्णिमा आदि नेवारी समुदायमा प्रचलित जात्रा तथा पर्व हुन् । मगर समुदायका माघी पर्व र

गुरुङ समुदायका ल्होसार पर्व प्रमुख हुन् । ब्राह्मण, क्षेत्री र मगर समुदायले देवाली पर्वलाई पनि विशेष महत्त्वका साथ लिन्छन् । देवालीमा आआफ्ना कुलदेवताको पूजाआजा गरिन्छ ।



मानिसको जन्मदेखि मृत्युसम्म गर्नुपर्ने अनेकौँ संस्कारहरू हुन्छन् । प्रत्येक जातजातिमा यस्ता संस्कारहरूमा मौलिकता देख्न पाइन्छ । प्रत्येक जातिले विवाह संस्कारलाई विशेष महत्त्वका साथ लिने गरेका छन् । नेवार जातिको परम्परागत विवाहमा केटा र केटीको समान जात हुनुपर्छ । जात समान भए पनि खलक चाहिँ भिन्न हुनुपर्छ । केटा र केटी दुवैको चिना हेरेर ज्योतिषीको सल्लाहअनुसार विवाहको साइत जुराइन्छ । दुवै पक्षबिच कुराकानी मिलेपछि केटा पक्षले केटी पक्षलाई कोसेली पठाउनुपर्छ । विवाह हुने अघिल्लो दिन एक पाथी दुध, चाकु र मसला पकाएर दुलहीकी आमाको दुधको भारा बुझाउने चलन छ । बिहेको दिन निम्तालुहरू जम्मा भएर धुमधामसँग रमाइलो गर्छन् र भोजभतेर खान्छन् । दुलही लिन जन्ती जान्छन् तर जन्तीसँग दुलाहा जानुपर्दैन । जन्ती रातको समयमा मात्र जाने चलन हुन्छ । भोलिपल्ट बिहान जन्तीले दुलही लिएर फर्कन्छन् । दुलही भित्र्याएपछि ढोगभेट गर्ने, भान्सामा हुल्ने र भोजभतेरको काम हुन्छ ।

मगर जातिको विवाह परम्परा ब्राह्मण, क्षेत्रीसँग मिल्दोजुल्दो हुन्छ । परम्परागत रूपमा मगर

समुदायमा आफ्नै जातभित्र मात्र विवाह गर्ने चलन छ । ब्राह्मण पुरोहितद्वारा नै विवाह विधि सम्पन्न गरिन्छ । विवाह सम्पन्न भइसकेपछिको केही महिनापछि दुलाहा दुलही दुवै जना दुलहीका बाबुआमाकहाँ जान्छन् । त्यसवेला काख छोडाउने भनेर बाबुआमालाई रुपिँया दिनुपर्छ । काका, काकी, मामा, माइजू आदि सबैको दस्तुर दुलहीका बाबुलाई नै बुझाउने चलन छ । त्यसपछि पाइलो फर्काउने नाममा विवाहको अन्तिम विधि गराइन्छ । यो विधि दुलहीको माइतमा सम्पन्न हुन्छ । यस बखत माइती पक्षले गोडधुवा र दाइजोका रूपमा भाँडावर्तन, लुगा, गरगहना आदि दिएर पठाउँछन् ।


मगर जातिको विवाह

गुरुङ जातमा विवाहको आफ्नै मौलिक परम्परा छ । गुरुङ जातिमा परम्परागत रूपमा मामाचेलो फुपूचेली विवाह गर्ने चलन छ । गुरुङ समुदायमा रोदीघरको चलन हुनाले प्रेम विवाह पनि उत्तिकै देख्न पाइन्छ । जन्तीहरू दुलहीको घरमा गएर विवाह विधि सम्पन्न गरी दुलही लिएर फर्कन्छन् । दुलही भित्र्याएपछि भोज खुवाउने चलन हुन्छ । केही दिनपछि दुलही माइतीघर जान्छिन् । यसपछि केही वर्ष दुलही माइतीघरमा नै बस्ने चलन हुन्छ । सन्तान जन्मिएपछि मात्र दुलही स्थायी रूपमा दुलाहाको घरमा बस्छिन् । दुलहीका माइती पक्षले त्यसपछि मात्र गच्छेअनुसार दाइजो, दक्षिणा दिने चलन हुन्छ ।

अहिले सबै जातजातिका परम्परादेखि मानिँदै आएका संस्कारमा परिवर्तन भएको देखिन्छ । हाम्रो संस्कृति नै हाम्रो पहिचान हो । हामीले हाम्रो सांस्कृतिक मूल्य मान्यतालाई बँचाई राख्नुपर्छ । फरक फरक जातजातिका संस्कारलाई सम्मान गर्नुपर्छ । मल्लरानी गाउँपालिकाले अनेकतामा एकता र एकतामा विविधतालाई सम्मान गरेको छ ।

# अभ्यास

## १ ठिक बेठिक छुट्याउनुहोस् :

(क) मल्लरानीमा विभिन्न जातजातिका मानिसको बसोबास छ । ☐

(ख) नेवार समुदायको मातृभाषा नेपाली हो । ☐

(ग) गुरुङ जातिमा रोदीघरको चलन हुन्छ । ☐

(घ) मगर जातिको प्रमुख पर्व ल्होसार हो । ☐

(ङ) संस्कृतिलाई बचाउनु हाम्रो बाध्यता हो । ☐

## २ खाली ठाउँ भरी वाक्य पूरा गर्नुहोस् :

(क) मल्लरानी गाउँपालिका ...................... प्रकृतिको छ ।

(ख) नेवार महिलाहरूको परम्परागत पहिरन .................. हो ।

(ग) .................. समुदायले देवाली मनाउँछन् ।

(घ) मानिसको जन्मदेखि मृत्युसम्म गर्नुपर्ने अनेकौँ ............... हुन्छन् ।

(ङ) हाम्रो संस्कृति नै हाम्रो ................ हो ।

## ३ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) मल्लरानी गाउँपालिकाको जनसङ्ख्या कति छ ?

(ख) माघीमा खाइने मुख्य परिकार के हो ?

(ग) विवाह गर्दा दुलहीकी आमालाई दुधको भारा बुझाउने चलन कुन जातिमा हुन्छ छुट्याउनुहोस् ?

(घ) मगर जातिमा कसरी दुलहीको काख छोडाउनुपर्छ ?

(ङ) गुरुङ समुदायमा दुलही कहिलेदेखि दुलाहाका घरमा स्थायी बसोबास गर्छिन् ?

## ४ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) नेपाल भाषा कुन जातिको मातृभाषा हो ?

(ख) मल्लरानीका महिलाहरूको जनसङ्ख्या कति छ ?

(ग) मगर जातिको मौलिक पहिरन के हो ?

(घ) गुरुङ जातिमा कहिले विवाह भोज खुवाइन्छ ?

(ङ) हामीले सबै जातजातिका संस्कारलाई किन सम्मान गर्नुपर्छ ?

## ५ चित्र वर्णन गर्नुहोस् :



## ६ आफ्ना अभिभावकलाई सोधेर लेख्नुहोस् :

तपाईंको जाति : ................................................................

मातृभाषा : ................................................................

धर्म : ................................................................

परम्परागत पहिरन : ................................................................

जन्म/न्वारन संस्कार विधि : ................................................................

विवाह संस्कार विधि : ................................................................

मृत्यु संस्कार विधि : ................................................................

प्रमुख चाडपर्व : ................................................................

## ७ मल्लरानी गाउँपालिकाका जनसङ्ख्यालाई तालिका भर्नुहोस् :

| क्र.सं. | वडा नं. | महिला जनसङ्ख्या | पुरुष जनसङ्ख्या | कुल जनसङ्ख्या |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

**८** मल्लरानी गाउँपालिकामा सक्रिय रहेको कुनै संस्थाको वेभसाइटबाट सबैभन्दा पछिल्लो सूचना डाउनलोड गरी उक्त सूचना कक्षामा सुनाउनुहोस् ।

**९** तपाईँको समुदायमा मनाइने कुनै चाडपर्वका बारेमा मुख्य मुख्य बुँदा टिपोट गरी कक्षामा प्रस्तुति गर्नुहोस् :

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

**१०** मल्लरानी गाउँपालिकाको उमेरगत जनसङ्ख्याको चार्ट पेपरमा पाइ चार्ट तयार पारी कक्षामा टाँस्नुहोस् ।

एकाइ ३

# हाम्रो वातावरण

## पूर्व पठन

१. दिइएको चित्र हेरी छलफल गर्नुहोस् :



मल्लरानी सामुदायिक वन



महेन्द्र माध्यमिक विद्यालय

२. दिइएका प्रश्नका बारेमा समूहमा छलफल गरी कक्षामा प्रस्तुति गर्नुहोस् :


(क) हामीले किन वनजङ्गल जोगाउनुपर्छ ?

(ख) हरित विद्यालय भन्नाले के बुझिन्छ ? हरित विद्यालयका फाइदाहरू के के हुन् ?


पाठ १


# वन व्यवस्थापन र वन्यजन्तुको सुरक्षा

प्रशस्त मात्रामा रुख, झाडी, बोटबिरुवा आदि भएको ठाउँलाई वनजङ्गल भनिन्छ । स्थानीय समुदायको स्वामित्वमा रहेको वनलाई चाहिँ सामुदायिक वन भनिन्छ । हाम्रो मल्लरानी गाउँपालिकामा रहेका ज्यामुरे, तिल्केनी, आँटीगैरा, मल्लरानी सामुदायिक वनका उदाहरण हुन् । हामीले सामुदायिक वनबाट गाईवस्तुका लागि घाँस, सोतर पाउँछौँ । खाना पकाउनाका लागि चाहिने दाउराको स्रोत वनजङ्गल नै हो । घरगोठ बनाउने काठ, दराज, मेच, टेबुल जस्ता फर्निचरका सामानका लागि आवश्यक काठ पनि वनजङ्गलबाट नै प्राप्त हुन्छ । वनजङ्गल विभिन्न किसिमका रोगका उपचारका लागि आवश्यक पर्ने औषधीजन्य जडीबुटीको स्रोतसमेत हो ।



पाखनबेत


हर्रो


बोझो


असुरो


पुदिना


चिराइनो


तुलसी


टिमुर


गुर्जो

मानिस घरमा बस्छ तर उसको दैनिक जीवनको आधर वनजङ्गलसँग गाँसिएको हुन्छ । जङ्गली जनावर तथा चराचुरुङ्गीहरू प्रत्यक्ष रूपमै वनजङ्गलमा आश्रित हुन्छन् । तिनीहरूले आफ्ना आहारा वनजङ्गलबाट प्राप्त गर्छन् । तिनीहरूको बासस्थान पनि वनजङ्गल नै हुने गर्छ । प्रकृतिमा रहेका सारा जीव प्राणीको आआफ्नो महत्त्व छ । प्राकृतिक सन्तुलन कायम गर्न पनि वनजङ्गल अपरिहार्य हुन्छ । समय समयमा पानी पर्न, जलवायु परिवर्तनको असर न्युनीकरण गर्न वनजङ्गलको आवश्यकता रहन्छ । भूक्षय, बाढी, पहिरो रोकथाममा वनजङ्गलको सुरक्षा प्रभावकारी हुन्छ । सारा जीवहरूका लागि चाहिने प्राण वायु अक्सिजनको एक मात्र स्रोत वनस्पति हो । त्यसैले वनजङ्गल मानिसका लागि बहु उपयोगी क्षेत्र हो ।

मल्लरानी गाउँपालिकाको हावापानीमा विविधता छ । उक्त विविधताको प्रभाव वनजङ्गलमा पनि पाउन सकिन्छ । यहाँ तातो हावापानीमा पाइने साल, सिसौ, खयर सिमल आदि जातका रुखहरू पाइन्छन् । मध्य पहाडी हावापानीमा पाइने कटुस, चाँप, चिलाउने, टुनी आदि जातका रुखहरू पनि पाइन्छ । यहाँका वनमा बाघ, बँदेल, चितुवा, मृग, बाँदर, ढेडु, खरायो आदि जातका जनावर पाइन्छन् । ढुकुर, जुरेली, कालिज, सुगा, काग आदि जातका पन्छी पाइन्छन् ।

वनजङ्गल र वन्यजन्तुको सुरक्षा गर्न हामी सबैको दायित्व हो । कोही कसैले वनजङ्गल फँडानी गरेमा कानुनी कारबाही हुन्छ । वनजङ्गलमा डढेलो लगाउनु पनि गैरकानुनी कार्य हो । त्यसैगरी वन्यजन्तुको चोरी सिकार गर्ने कार्यलाई पनि कानुनले पूर्णतया बन्देज लगाएको छ । कोही कोही मानिसहरूले लोभीपापी बनेर कानुनको आँखा छली रुख काट्न सक्छन् । डढेलो लगाउन सक्छन् । मासुका लागि मृग, कालिज, खरायो आदिको सिकार गर्न सक्छन् । छाला, हड्डी आदि गैरकानुनी तरिकाबाट बेचबिखन गरी छिटै धनी बन्ने गलत सोचाइका कारण बाघ, चितुवा जस्ता जनावर मार्न सक्छन् । यस्ता काम गैरकानुनी हुन् । हामीले कहीँ कतै यस्ता गैरकानुनी कार्य भएको देखेमा नजिकको प्रहरी कार्यालय, वन कार्यालय वा वडा कार्यालयमा खबर गर्नुपर्छ ।

सामुदायिक वनको संरक्षणका लागि स्थानीय समुदायले नै चासो र चिन्ता लिनुपर्छ ।

वन संरक्षणका लागि खुला डाँडापाखामा वृक्षरोपण गर्नुपर्छ । वनजङ्गललाई गाईवस्तुको चरन क्षेत्र बनाउनुहुँदैन । समय समयमा झाडी सुधार गर्नुपर्छ । झाडी सुधारबाट घाँस, सोतर तथा दाउरा प्राप्त हुन्छ । अर्कातिर रुखबिरुवा बढ्न पनि मदत पुग्छ । गोबर ग्याँस तथा सुधारिएको चुलाको प्रयोग गर्नाले वनजङ्गल संरक्षणमा टेवा पुग्छ । गोबर ग्याँसलाई दाउराको विकल्पका रूपमा प्रयोग गर्न सकिन्छ । परम्परागत चुलाको सट्टामा सुधारिएको चुलो प्रयोग गर्नाले दाउराको कम खपत हुन्छ ।



गोबर ग्याँस प्रयोग गर्दै



सुधारिएको चुलो प्रयोग गरिरहेको

वनजङ्गल संरक्षणको मुख्य चुनौतीका रूपमा डढेलोलाई लिने गरिन्छ । डढेलो लगाएपछि सुकेका रुख काट्न पाइने, खर, घाँस हलक्क बढ्ने जस्ता भ्रमका कारण मानिसहरू जानी जानी डढेलो लगाउँछन् । मानिसहरूमा चेतनाको अभावका कारण समस्या बढिरहेको हुन्छ । अर्कातिर लापरवाहीका कारण पनि डढेलो लाग्न जान्छ । यसका लागि केटाकेटीको पहुँचमा सलाई, लाइटर राख्नुहुँदैन । धुम्रपान गर्नेहरूले चुरोटका ठुटा जथाभावी फाल्नाले पनि डढेलो लाग्न जान्छ । तसर्थ गाउँपालिका, वडा कार्यालय, वन कार्यालयले समन्वय गरी समुदायमा सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

वनजङ्गलको संरक्षण गर्नाले स्वतः वन्यजन्तुको संरक्षणमा पनि टेवा पुग्छ । वन र वन्यजन्तुको सुरक्षा भन्नु नै मानिसको आफ्नो सुरक्षा पनि हो । त्यसकारण स्थानीय समुदाय र स्थानीय सरकार मिलेर वन र वन्यजन्तुको सुरक्षाका लागि भूमिका निर्वाह गर्नुपर्छ ।

# अभ्यास

## १ ठिक बेठिक छुट्याउनुहोस् :

(क) प्रशस्त मात्रामा रुख बिरुवा भएको ठाउँलाई वनजङ्गल भनिन्छ ।

ख) जङ्गली जनावर मात्र वनजङ्गलमा आश्रित हुन्छन् ।

(ग) मध्य पहाडी हावापानीमा साल, सिसौ जातका रुख पाइन्छ ।

(घ) जङ्गली जनावर मार्नु कानुन विपरीतको कार्य हो ।

(ङ) वन्य जन्तुको सुरक्षा गर्नु सङ्घीय सरकारको दायित्व हो ।

## २ खाली ठाउँ भरी वाक्य पूरा गर्नुहोस् :

(क) प्राकृतिक सन्तुलन कायम गर्न ...................... अपरिहार्य हुन्छ ।

(ख) मल्लरानी गाउँपालिकाको .................... विविधता छ ।

(ग) वनजङ्गललाई गाईवस्तुको .................. क्षेत्र बनाउनुहुँदैन ।

(घ) डढेलो लगाउनु ................... कार्य हो ।

(ङ) वनको संरक्षण गर्दा .................. को सुरक्षा हुन्छ ।

## ३ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) कस्तो ठाउँलाई वनजङ्गल भनिन्छ ।

(ख) जङ्गली जनावरहरू कहाँ आश्रित हुन्छन् ?

(ग) मल्लरानीमा किन विविध बोटबिरुवा पाइन्छन् ?

(घ) तपाईं बसोबास गर्ने स्थान वरिपरि कुन कुन चरा पाइन्छन् ?

## ४ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) औषधीजन्य जडीबुटीहरू कहाँ पाइन्छ ?

(ख) वनजङ्गललाई किन बहु उपयोगी क्षेत्र मानिन्छ ?

(ग) डढेलो लगाउने कार्यलाई कसरी रोकथाम गर्न सकिन्छ ?

(घ) तपाईँको वरिपरि पाइने तीनओटा जङ्गली जनावरका नाम लेख्नुहोस् ।

## ५ दिइएको तालिका भर्नुहोस् :

| क्र.सं. | वडा नं. | सामुदायिक वनको नाम | वनमा पाइने मुख्य रुखहरू |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

## ६ तपाइँ बसोबास गर्ने वडाको कुनै सामुदायिक वनमा स्थलगत भ्रमण गर्नुहोस् । स्थानीय व्यक्तिसँग सामुदायिक संरक्षणका उपायका सन्दर्भमा कुराकानी गरी मुख्य मुख्य बुँदा टिपोट गर्नुहोस् ।

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

**७** स्थानीय सामुदायिक वनमा पदाधिकारीलाई विद्यालयमा आमन्त्रण गरी वन र वन्यजन्तुसम्बन्धी कस्ता कस्ता कार्य गैरकानुनी हुन् भन्ने विषयमा अन्तरक्रिया गर्नुहोस् ।

**८** दिइएका जडीबुटीको फोटो खिची चार्टपेपरमा टाँसेर कक्षा प्रस्तुति गर्नुहोस् :



असुरो



तेजपत्ता



चिराइतो



पाखनबेत

पाठ ३


# हरियाली मल्लरानी

बिहानीको झुल्के घाम सरङ्कोटमा पर्ने
माथिबाट तलतिर खोलानाला झर्ने
चौतारीमा वरपिपल देउरालीमा मेला
हरियाली बढाउन जाग्नुपर्ने बेला ।

एकतामा बाँच्न सिकौँ ममतामा ज्ञान
विश्वासको मन्त्र पढौँ प्रकृतिमा ध्यान
वरिपरि फूल रोपौँ डाँडाभरि रुख
हरियाली परिवेशमा भित्र्याउँछौ सुख ।

पानीसँग शक्ति बग्छ ठाउँ कति राम्रो
रुखलाई माया गर्ने राम्रो बानी हाम्रो
मुटुमा छ माटो अनि मनमा छ विकास
पढी लेखी ज्ञानी भई यहीँ हेर्छौं प्रकाश ।

माझपानी टाकुरा र धुँदिबेंसी घेरो
पहाड र लेकबेंसी मिलेको छ फेरो
सयौँ घर एक आँगन पौरखी छ बानी
जतातत‍ै हरियाली हाम्रो मल्लरानी ।



# अभ्यास

## १ दिइएका प्रश्नका उत्तर भन्नुहोस् :

(क) बिहानीको झुल्के घाम कहाँ पर्छ ?

(ख) हामी के बढाउन जाग्नुपर्छ ?

(ग) किन हाम्रो राम्रो बानी छ ?

(घ) हाम्रो बानी कस्तो छ ?

## २ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) हामीले कहाँ ध्यान गर्नुपर्छ ?

(ख) पानीसँग के बग्छ ?

(ग) हामीले कसरी प्रकाश छर्नुपर्छ ?

(घ) मल्लरानी किन राम्रो छ ?

## ३ चित्र हेरी उत्तर लेख्नुहोस् :



**प्रश्नहरू :**

(क) यो कुन विद्यालयको चित्र हो ?

(ख) तपाईँलाई यो विद्यालयको बगैँचा कस्तो लाग्यो ?

(ग) विद्यालयमा किन बगैँचा चाहिन्छ ?

(घ) तपाईँको विद्यालयको बगैँचामा कुन कुन जातका फूल छन् ?

**४ हाम्रो वरिपरिको वातावरणलाई कसरी हरियाली बनाउन सकिन्छ ? साथीहरूको समूहमा छलफल गरी निष्कर्ष निकाल्नुहोस् :**

**५ खाली ठाउँ भर्नुहोस् :**

तपाईँ कति वडामा बस्नुहुन्छ ? ..................................

तपाईँको टोलको नाम के हो ? ..................................

वरिपरिको वातावरण प्रदूषणको कारण के हो ? ............................................

उक्त प्रदूषण न्यूनीकरण गर्न के के गर्नुपर्ला ? ............................................

**६ कक्षामा साथीहरू मिली पालैपालो वृक्षारोपण सम्बन्धी अनुभव सुनाउनुहोस् ।**

**७ वातावरण प्रदूषणका कारण जैविक विविधतामा कस्तो समस्या पर्छ ? कुनै वृत्तचित्र हेरी मुख्य मुख्य बुँदाहरू टिपोट गर्नुहोस् ।**

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

८ मल्लरानी गाउँपालिकाका शिक्षा शाखाका प्रमुखलाई विद्यालयमा आमन्त्रण गरी हरित विद्यालयका विषयमा छलफल गर्नुहोस् ।

९ विद्यालयको बालक्लबसँग छलफल गरी हरित विद्यालय योजना तयार पार्नुहोस् ।

१० 'हाम्रो मल्लरानी : हरित मल्लरानी' शीर्षकमा एउटा लेख तयार पार्नुहोस् :

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

पाठ ३

# पानी र फोहोरमैला व्यवस्थापन

पानी हाम्रो जीवन हो । पानीबिना मानिस मात्र होइन अन्य प्राणीहरू पनि बाँच्न सक्दैनन् । मानिसले पानीलाई कुन कुन कुरामा प्रयोग गर्छन् ? यस प्रश्नका उत्तरहरू असीमित हुन्छन् । मानिसले पानीलाई खान, सरसफाइ गर्न, गाईवस्तुका लागि उपयोग गर्न, खेतबारीमा सिँचाइ गरेर उत्पादन गर्न पनि पानीकै आवश्यकता पर्छ । उद्योग, कलकारखानामा पनि पानी नै चाहिन्छ । पानीबिना मत्स्यपालन व्यवसायको परिकल्पना समेत गर्न सकिँदैन । जलविद्युत् उत्पादनको एक मात्र आधार पानी हो । सामान्यतया पानीको उपयोगलाई निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ :

(क) बाँच्ने आधारका रूपमा

(ख) सरसफाइका रूपमा

(ग) कृषि क्षेत्रको उत्पादन बढाउन


(घ) पशुपन्छी क्षेत्रको उत्पादन बढाउन

(ङ) उद्योग तथा कलाकारखानाका क्षेत्रमा वस्तु उत्पादन गर्न

(च) विद्युत् उत्पादनका क्षेत्रमा

पिउने पानी हामी बाँच्ने मूल आधार हो । तिर्खा लाग्दा पिउन, खानेकुरा पकाउन हामीलाई सफा पानीको जरुरत पर्छ । हातगोडा धुने, नुहाउने, कपडा धुने जस्ता सरसफाइका काम गर्न पानी चाहिन्छ । खेतबारीमा सिँचाइ गरी अन्न, गेडागुडी, तरकारी, फलफूल आदि उत्पादन गर्न पानी चाहिन्छ । भेडा, बाख्रा, गाई, भैँसी, कुखुरा, हाँस आदि घरपालुवा पशुपन्छीलाई पनि पानी चाहिन्छ । कागज उद्योग, खाद्यान्न उद्योग, कपडा उद्योग, दुग्ध उद्योग जस्ता औद्योगिक क्षेत्रमा पनि पानी नै जरुरत हुन्छ । साना तथा ठुला जलविद्युत् उत्पादनका लागि पानीको वहाव आवश्यक हुन्छ ।

मल्लरानी गाउँपालिकाभित्र पानीका प्रशस्त स्रोतहरू छन् । वडा नं १ मा लुक्का मुहान, पदिमपानी मुहान छ । वडा नं. २ मा फिर्केपानी मुहान, चुँजा पँधेरा मुहान र उकालापानी प्रमुख हुन् । खाजेपानी मुहान, छहरेधारा मुहान जस्ता पानीका स्रोत वडा नं. ३ मा छ । चौरपानी पँधेरा मुहान, कोट पँधेरा मुहान आदि वडा नं. ४ का र जुकेखाला, खानीखोला, मानीखोला, तिनधारे मुहान आदि वडा नं. ५ का पानीका स्रोतहरू हुन् । पानीका यिनै स्रोतहरूबाट मल्लरानी गाउँपालिकाका गाउँबस्तीमा सफा खानेपानी उपलब्ध भएको छ ।


पानीको मुहान तथा पानी ट्याङ्की

वर्षा मौसममा मुहानमा पानीको वहाव धेरै हुन्छ । करेसाबारी तथा तरकारी बारीमा सिँचाइ गर्नु पर्दैन । हिउँद याममा भने मुहानमा पनि पानी थोरै हुन्छ । सिँचाइको पनि जरुरत पर्छ । यस्तो समयमा पानीको किफायती प्रयोगमा ध्यान दिनुपर्छ । भान्साबाट निस्कने पानीलाई अवस्था हेरी गाईवस्तुलाई खुवाउन सकिन्छ । साबुनपानीले सरसफाइ गरिएको पानीलाई सानो खाल्डो बनाएर ढकनी लगाइयो भने वरिपरि चिस्यान कायम गर्न सकिन्छ । यो तरिका घरमा मात्र होइन विद्यालयमा पनि अपनाउन सकिन्छ ।


गँड्यौलाले मल बनाएको फोटो वा कम्पोस्ट मल

तपाईँहरू घर तथा विद्यालयबाट निस्कने फोहोरलाई के गर्नुहुन्छ ? फोहोरको प्रकृति हेरेर व्यवस्थापन गर्नुपर्छ ? सिसा, रबर, कागज, प्लास्टिक जस्ता नकुहिने फोहोरलाई छुट्टै भाँडामा राख्नुपर्छ । फलफूलका बोक्रा, तरकारीका बोक्रा, खेर गएका

खानेकुरा आदिलाई छुट्टै भाँडामा राख्नुपर्छ । यस्ता कुहिने खालका फोहोरलाई खाल्डो खनेर पर्न सकिन्छ । उक्त खाल्डोमा गँड्यौला राखिदिएर मल बनाउन सकिन्छ । यस्तो मललाई गँड्यौले मल भनिन्छ । फोहोरलाई कुहाएर गँड्यौलाद्वारा उत्पादन गरिने कम्पोष्ट मललाई बगैंचा, करेसाबारी, तरकारीबारीमा प्रयोग गर्न सकिन्छ । यस्तो तरिकाबाट फोहोरमैला व्यवस्थापन गर्न सकिन्छ । कम्पोस्ट मल बनाउन सकिन्छ । यसबाट वातावरण पनि राम्रो हुन्छ ।

# अभ्यास

## १ ठिक बेठिक छुट्याउनुहोस् :

(क) उद्योग कलकारखानामा पानी चाहिंदैन । ☐

(ख) पानीबिना मत्स्यपालन व्यवसाय सम्भव छैन । ☐

(ग) मल्लरानी गाउँपालिकाको वडा नं. १ मा मानीखोला मुहान छ । ☐

(घ) गँड्यौलाबाट बनाइने मललाई गँड्यौले मल भनिन्छ । ☐

(ङ) प्लास्टिक कुहिने फोहोरअर्न्तगत पर्छ । ☐

## २ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) कुन कुन काममा पानीको प्रयोग हुन्छ ?

(ख) सरसफाइका रूपमा पानीलाई कसरी प्रयोग गरिन्छ ?

(ग) फिर्केपानी मुहान कहाँ छ ?

(घ) बर्खा मौसममा किन थोरै पानी भए पुग्छ ?

(ङ) कुहिने फोहोरका उदाहरण भन्नुहोस् ।

## ३ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) घरपालुवा जनावरका लागि पानी किन आवश्यक हुन्छ ?

(ख) कृषि क्षेत्रबाट कसरी उत्पादन बढाउन सकिन्छ ?

(ग) तपाईँको घरमा कुन मुहानबाट पानी ल्याइएको छ ?

(घ) घरायसी फोहोरलाई कसरी व्यवस्थापन गर्नुहुन्छ ?

(ङ) गँड्यौले मललाई कहाँ कहाँ प्रयोग गर्न सकिन्छ ?

## ४ दिइएको तालिका हेरी फरक छुट्याउनुहोस् :

| कुहिने फोहोर | नकुहिने फोहोर |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |

## ५ चित्र वर्णन गर्नुहोस् :



## ६ कुहिने र नकुहिने फोहोरमैला व्यवस्थापन गरिने तरिकाका बारेमा समूहमा छलफल गरी कक्षा प्रस्तुति गर्नुहोस् ।

## ७ दिइएको विषयवस्तु पढी छलफल गर्नुहोस् :

सन् २०१५ को सेप्टेम्बर २५ का दिन दिगो विकाससम्बन्धी राष्ट्र सङ्घीय सम्मेलन भयो । उक्त सम्मेलनमा यसका सदस्य राष्ट्रहरूले दिगो विकासको एजेन्डाअन्तर्गत छलफल गरे । पृथ्वीको रक्षा, गरिबीको अन्त्य र सबैका लागि समृद्धि सुनिश्चित गर्ने साझा सहमति भयो । दिगो विकासका १७ ओटा लक्ष्यहरू निर्धारण भए । दिगो विकास लक्ष्यहरू निम्नानुसार छन् :

१. गरिबीको अन्त्य

२. भोकमरीको अन्त्य

३. सुस्वास्थ्य तथा समृद्ध जीवन

४. गुणस्तरीय शिक्षा

५. लैङ्गिक समानता

६. स्वच्छ पिउने पानी तथा सरसफाइ

७. किफायती र स्वच्छ ऊर्जा

८. मर्यादित काम र आर्थिक वृद्धि

९. उद्योग, नवीनतम् खोज र पूर्वाधार

१०. असमानता न्यूनीकरण

११. दिगो सहर र समुदाय

१२. दिगो उपभोक्ता तथा उत्पादन

१३. जलवायुमा पहल

१४. जलमुनिको जीवन

१५. जलमाथिको जीवन

१६. शान्ति, न्याय र सक्षम निकायहरू

१७. लक्ष्य प्राप्तिका लागि साझेदारी

**८** **दिइएको तालिका हेरी फरक छुट्याउनुहोस् :**

| खनिज इन्धन | नवीकरणीय ऊर्जा |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |

**९** **ऊर्जाको मितव्ययी प्रयोग गर्न सकिने तरिकाका बारेमा समूहमा छलफल गरी कक्षामा प्रस्तुति गर्नुहोस् ।**

**१०** **वातावरण प्रदूषण न्यूनीकरण गराउने भाव झल्काउने गरी चित्र बनाएर कक्षामा टाँस्नुहोस् :**

**११** **वातावरणीय प्रदूषण न्यूनीकरणक लागि नवीकणीय ऊर्जा प्रवर्धन गर्न अनुरोध गर्दै सामूहिक निवेदन लेखी मल्लरानी गाउँपालिकाका अध्यक्षलाई दिनुहोस् ।**

एकाइ 3

# हाम्रा सम्पदाहरू

## पूर्व पठन

१. दिइएको चित्र हेरी छलफल गर्नुहोस् :



स्थानीय लोकबाजा बजाइरहेको



स्थानीय कुलपूजा

२. दिइएका प्रश्नका बारेमा समूहमा छलफल गरी कक्षामा प्रस्तुति गर्नुहोस् :

(क) मल्लरानीमा भएका पर्यटकीय रोजाइका क्षेत्रहरू कुन कुन हुन् ?

(ख) लोकबाजा र आधुनिक बाजामा के के फरक हुन्छ ?

पाठ १

# हाम्रो लोकगीत र हाम्रो लोकबाजा

हाम्रा गाउँघरमा समय समयमा मेला तथा जात्रा हुन्छन् । विभिन्न चाडपर्वहरू मनाइन्छ । पूजाआजा, विवाह, व्रतबन्ध जस्ता शुभ मङ्गलका कार्यहरू गरिन्छ । यस्ता विभिन्न अवसरमा स्थानीय महिला पुरुषहरू गीत गाएर रमाइलो गर्छन् । कतिपय चाडपर्वमा गाइने निश्चित गीत मात्र गाउनुपर्ने चलन हुन्छ । असारे गीत धान रोप्दा मात्र गाउने गरिन्छ । तीज गीत महिलाहरूले तीजको समयमा मात्र गाउँछन् । देउसी, भैलो, तिहारमा मात्र गाइन्छ । अतः परापूर्वदेखि गाइँदै आएका गीतलाई नै लोकगीत भनिन्छ ।

लोकगीतका खास रचनाकार हुँदैनन् । यस्ता लोकगीत लोक जीवनमा कहिलेदेखि प्रचलनमा आए भन्ने प्रमाण पनि पाइँदैन । लोकगीतले स्थानीय जीवनशैली, संस्कार, संस्कृति आदिलाई समेटेको हुन्छ । उकाली, ओराली, भन्ज्याङ, चौतारी, देवीदेवता आदिका विषयवस्तु उतारिएको हुन्छ । अहिले प्रविधिको विकाससँगै लोकगीतलाई सङ्कलन गरेर प्रकाशन गर्ने गरिएको पाइन्छ । लोकगीतलाई रेकर्ड गरेर बजारीकरण गर्ने गरिएको देखिन्छ । लोकगीतमा भिडियो छायाङ्कन गरेर टेलिभिजनबाट प्रसारण गरिन्छ । युटुबमा अपलोड गरिन्छ । प्राचीन कालमा आधुनिक प्रविधिको विकास भएको थिएन । त्यो समयमा हाम्रा पुर्खाहरू लोकगीतलाई केवल प्रत्यक्ष गायनमा मात्र सीमित राख्न बाध्य थिए । उनीहरू नयाँ पुस्तालाई लोकगीतका भाका, शब्द, विषयवस्तु आदि हस्तान्तरण गर्थे । यस्तै निरन्तरताबाट नै हाम्रा लोकगीतहरू लोक जीवनमा प्रचलित हुँदै आएका हुन् ।

आआफ्नो समुदायमा प्रचलित लोकगीतहरू फरक फरक हुन्छन् । जात, धर्म, भाषा, संस्कृति आदिले लोकगीतको आधार निर्माण भएको हुन्छ । हाम्रो मल्लरानी गाउँपालिकामा बाहुन, क्षेत्री, नेवार, मगर, गुरुङ, दलित आदि समुदायका मानिसहरूको बसोबास छ । यहाँका विभिन्न जातजातिका मानिसहरूको सभ्यता र संस्कृति भिन्न भिन्न छ । जीवनशैली

फरक छ । लोकगीत पनि फरक छ । बाहुन, क्षेत्री समुदायमा झ्याउरे गीत प्रचलित छ । नेवार हरूले विभिन्न पर्वमा, आफ्ना मौलिक गीत गाउँछन् । मगर समुदायमा सोरठी गीत पृथक शैली र संरचनाको देखिन्छ । गुरुङहरू रोदीघरमा नाचगान गर्छन् । अतः मल्लरानीमा बसोबास गर्ने सबै जातजातिले आआफ्ना समुदायमा मेला, पर्व, चाडवाड, जात्रा आदि अवसरमा गाउने लोकगीत सम्बन्धित जातजातिको मात्र सम्पत्ति होइन । यो त यहाँका प्रत्येक बासिन्दाको साझा सम्पत्ति हो ।


स्थानीय महिला पुरुषहरूको नाचगान

लोकगीत गायनमा मात्र सीमित हुँदैन । लोकगीतसँगै लोकबाजा र लोकनृत्य पनि गाँसिएर आएका हुन्छन् । लोकगीत गाउँदा बजाइने परम्परित बाजालाई नै लोकबाजा भनिन्छ । सहनाइ, ट्याम्को, दमाहा, झ्याली र ढोलकी हाम्रा लोकबाजाका उदाहरण हुन् । यी पाँचओटा बाजालाई सँगसँगै बजाउने गरिन्छ । त्यसैले यी बाजालाई पन्चैबाजा भन्ने गरिन्छ । मादल, बाँसुरी, मुरली, मुजुरा, खैँजडी, कर्नाल, धिमे बाजा आदि हाम्रा लोकबाजा हुन् । लोकगीतको प्रकृति र गायनको अवस्था अनुसार लोकगीतका लागि बाजा छनोट गरिन्छ । विवाहमा पन्चैबाजाको प्रयोग गरिन्छ । रोदीघरमा मादल, बाँसुरी, मुरली आदिको प्रयोग हुन्छ । नेवारी जात्राहरूमा प्रायः धिमे, झ्याली, बाँसुरी जस्ता बाजाहरू बजाइन्छ ।

लोकगीत र लोकबाजाको तालमा गरिने नृत्य नै लोकनृत्य हो । कतीपय लोकनृत्यका आफ्नै नियमहरू हुन्छन् । भेषभुषा, बाजा, सृङ्गार, गरगहना आदि कुराहरूको निश्चित संयोजन अनिवार्य हुन्छ । हाउभाउ र अभिनय लोकनृत्यको अनिवार्य पक्ष हो । उदाहरणका लागि मारुनी नृत्यका सन्दर्भमा छलफल गरौँ । मारुनी नृत्यका लागि सामान्यतया दुईदेखि चार जनासम्म महिलाहरू सहभागी हुन्छन् । चारदेखि छ जना पुरुषहरूले मादल बजाउँछन् ।

मारुनी नाच्ने महिलाहरूले चौबन्दी चोली र फरिया लगाउँछन्। कतै कतै जामा लगाउने प्रचलन पनि छ । उनीहरूले कपाल कोरेर चुल्ठोमा फुर्के धागो बाट्छन् । आँखामा गाजल, ओठमा लाली र निधारमा टीका लगाउँछन्। उनीहरू शिरमा शिरबन्दी, घाँटीमा कण्ठमाला, कानमा ढुङ्ग्री र कुण्डल लगाउँछन्। नाकमा झुम्के बुलाकी, हातमा चुरा र खुट्टामा पाउजु लगाउँछन्। हातमा कुसुमे रुमाल लिन्छन्। मादले पुरुषहरूको पहिरन दौरा, सुरुवाल, कोट, स्टकोट र ढाका टोपी हो। पुरुष पहिरनमा कर्नाल बजाउने कर्नाले र मुजुर बजाउने मुजुरे पनि सहभागी हुन्छन्। पुरुषहरूकै समूहमा एक जना हँसाउने पात्र पनि सहभागी हुन्छन्। उक्त पात्रलाई लाखरपाँडे भनिन्छ ।


सांस्कृतिक कार्यक्रममा मारुनी नाचगान

मारुनी नाचगानको तयारी पूरा भएपछि सरस्वती माताको आरती गरी नृत्य प्रारम्भ हुन्छ । मादलेहरू मादलको तालमा आरती गीत गाउँछन्। महिलाहरू हातमा दियो, फूल र अक्षता लिएर आरती नृत्य गर्छन्। यही क्रममा तान्त्रिक विधिअनुसार सखी बाँध्ने गरिन्छ। अचेल सोरठीमा मङ्गलगान मात्र गर्ने चलन पनि छ । मारुनीमा गीतको भाव र लयअनुसार अभिनय गर्नुपर्छ । मारुनीमा गायन, अभिनय र नृत्यको बराबरी भूमिका रहन्छ । मारुनी तिहार, ठुलो एकादशी जस्ता सांस्कृतिक पर्वको आकर्षण हो। सांस्कृतिक पर्वको अवस्था, दर्शकको सङ्ख्या आदिका आधारमा मारुनी घर, आँगन वा खुला चउरमा प्रदर्शन गरिन्छ।

लोकगीतको शैली, संरचना र परम्पराका आधारमा लोकबाजाहरू छनोट गरिन्छ । लोकगीतको प्रकृति र परम्परा अनुरूप लोकनृत्यको तरिका र सामग्री फरक फरक हुन सक्छन्। समग्रमा लोकगीत, लोकबाजा, लोकनृत्य हाम्रा साझा सम्पत्ति हुन्। यो साझा सम्पत्तिलाई निरन्तरता दिने तथा संरक्षण गर्ने कार्यमा मल्लरानीका प्रत्येक जातजातिको

दायित्व हो । स्थानीय सरकार पनि हाम्रा लोक सम्पदाको संरक्षणमा जिम्मेवार हुनुपर्छ । मेला, पर्व, जात्रा आदि अवसरमा सांस्कृतिक महोत्सव आयोजना गर्नुपर्छ । लोक संस्कृतिको संरक्षण र संवर्धनका लागि विभिन्न अवसरहरूमा प्रतियोगिताहरू सञ्चालन गर्नुपर्छ । यस्ता विविध सांस्कृतिक गतिविधिहरूमा नयाँ पुस्ता र पुरानो पुस्तालाई सँगसँगै सहभागी गराउनुपर्छ ।

## अभ्यास

**१ शिक्षकले विद्यार्थीहरूलाई पालै पालो स्थानीय स्तरमा गाइने निम्न गीतहरूलाई गाउन लगाउनुहोस् र लेख्नुहोस् :**

१. ज्याउँरे गीत　　२. लोक गीत

३. असारे गीत　　४. भजन

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

## २ ठिक बेठिक छुट्याउनुहोस् :

(क) असारे गीत धान रोप्दा मात्र गाइने गरिन्छ ।

(ख) लोकगीतका खास रचनाकार हुँदैनन् ।

(ग) प्रत्येक समुदायका लोकगीतहरू उस्तै हुन्छन् ।

(घ) लोकगीतमा नाचिने नृत्यलाई लोकनृत्य भनिन्छ ।

(ङ) मारुनी नाचगानमा पार्वतीको आरती गरिन्छ ।

## ३ तपाईँको समुदायमा प्रचलित लोकगीत तथा लोकबाजाका बारेमा लेख्नुहोस् :

गीतको बोल : ......................................................................................

गीतको भाषा : ....................................................................................

गीत गाइने विशेष अवसर : ..................................................................

बजाइने बाजाहरू : ..............................................................................

गीत गाउँदा लगाइने पहिरन : ............................................................

बाजा बजाउँदा लगाइने पहिरन : .......................................................

गीतको विशेष सांस्कृतिक पहिचान : ...................................................

## ४ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) लोकगीतहरू कुन कुन अवसरमा गाइन्छ ?

(ख) पुर्खाहरूले लोकगीत कसलाई हस्तान्तरण गर्थे ?

(ग) लोकगीतसँग के के गाँसिएर आएको हुन्छ ?

(घ) पन्चैबाजामा कुन कुन बाजाहरू पर्छन् ?

(ङ) मारुनी नाच कहाँ नाचिन्छ ?

## ५ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) लोकगीतले के के लाई समेटेको हुन्छ ?

(ख) लोकगीतलाई कसरी बजारीकरण गरिएको छ ?

(ग) कुन जातिमा धिमे बाजाको प्रचलन छ ?

(घ) गुरुङहरू कहाँ नाचगान गर्छन् ?

(ङ) लोक सम्पदाको संरक्षण गर्ने दायित्व कसको हो ?

## ६ चित्र वर्णन गर्नुहोस् :



## ७ दिइएको तालिका भर्नुहोस् :

| क्र.सं. | वडा नं. | प्रचलित लोकगीत | प्रचलित लोकबाजा | मातृभाषाको नाम |
|---|---|---|---|---|
| १. | १ | | | |
| २. | २ | | | |
| ३. | ३ | | | |
| ४. | ४ | | | |
| ५. | ५ | | | |

८ स्थानीय लोकगीत र लोकबाजाको महत्त्वका सन्दर्भमा साथी समूहमा छलफल गरी कक्षामा प्रस्तुति गर्नुहोस् ।

९ तपाईँको समुदायमा प्रचलित कुनै एउटा लोकगीतलाई बाजाको तालमा गाएर सुनाउनुहोस् ।

१० आधुनिक प्रविधिको विकासले लोकगीत र लोकबाजामा कस्तो प्रभाव पारेको छ भन्ने विषयमा विद्यालयमा अन्तरक्रिया कार्यक्रम गर्नुहोस् ।

११ विद्यालयसँग समन्वय गरी सांस्कृतिक कार्यक्रम आयोजना गर्नुहोस् उक्त कार्यक्रम स्थानीय फरक फरक समुदायका लोकगीत, लोकबाजा र लोकनृत्यका झाँकीहरू प्रदर्शन गराउनुहोस् :

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

पाठ ३

# हाम्रा पर्यटकीय सम्पदाहरू

शिक्षकले शुक्रबारका दिन कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई तीनओटा समूहमा विभाजन गर्नुभयो । समूह 'क' लाई ऐतिहासिक सम्पदा समूह 'ख' लाई धार्मिक सम्पदा र समूह 'ग' लाई पर्यटकीय सम्पदाको नाम दिनुभयो । त्यसपछि प्रत्येक समूहले नामअनुसारको परियोजना कार्य गर्नुपर्ने बताउनुभयो । परियोजना कार्यका क्रममा साथी समूहमा छलफल गर्नुपर्ने, छलफलका मुख्य मुख्य विषयवस्तुलाई कापीमा टिपोट गर्नुपर्ने र समूह नेताले कक्षामा प्रस्तुतीकरण गर्नुपर्ने कुरा बताउनुभयो । शनिबारका दिन आआफ्नो समूहका साथीहरूले परियोजना कार्य सम्पन्न गर्न तोकिएको स्थान र समयमा छलफलका लागि भेला हुने टुङ्गो लगाएर घरतिर लागे । ऐतिहासिक सम्पदा समूहका साथीहरू गुठ दरबारमा जम्मा हुने भए । धार्मिक सम्पदा समूहका साथीहरू झाँक्रीस्थानमा जम्मा हुने भए । पर्यटकीय सम्पदा समूहका साथीहरू मल्लरानी थुम्कामा भेला हुने भए ।

**आइतबारका दिन सर्वप्रथम ऐतिहासिक सम्पदा समूहबाट कक्षा प्रस्तुतिका लागि समूह नेता मनिषा वि.क. अगाडि गइन् ।**

**नमस्कार साथीहरू !**

म हाम्रो समूहबाट तयार पारिएको परियोजना कार्यको मुख्य मुख्य विषयवस्तु प्रस्तुत गर्दै छु ।

**ऐतिहासिक स्थलको नाम** : गुठ दरबार

**स्थान** : खलङ्गा बजारबाट दक्षिण पूर्वको गुठकेसरी ठाउँमा

**दरबारको ऐतिहासिक महत्त्व :**

- इतिहास बोकेको दरबार
- दरबारको निर्माण शैली
- दरबारको बुर्जा, बार्दली र छानो
- दरबारमा प्रयोग भएको काष्ठ कला
- १५० वर्ष पुरानो दरबार

**दरबारको वर्तमान अवस्था :**

- पुरानो र जीर्ण देखिने
- लिपपोत तथा रङ्रोगन नभएको
- भूकम्पका कारण गारो चर्किएको
- पर्खाल नभएको

**संरक्षणका लागि गर्नुपर्ने प्रयासहरू :**

- पुनः निर्माण गर्नुपर्ने



- प्राचीन शैली नबिग्रने गरी लिपपोत गर्नुपर्ने
- दरबारमा भएको सामग्री सुरक्षित राख्नुपर्ने
- सङ्ग्रहालयका रूपमा विकास गर्नुपर्ने
- दरबार क्षेत्रलाई पर्खाल गर्नुपर्ने

**भविष्यको सम्भावना :**

- आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने
- गाउँपालिकाको आर्थिक स्रोत बढाउन सकिने
- दरवारको संरक्षण र प्रचारप्रसारमा टेवा पुग्ने

मेरो समूहका सम्पूर्ण साथीहरूलाई धन्यवाद दिँदै मेरो प्रस्तुति यहीँ अन्त्य गर्दछु ।

**अब धार्मिक सम्पदा समूहबाट कक्षा प्रस्तुतिका लागि मोहन श्रेष्ठ अगाडि जान्छन् ।**

**सम्पूर्ण साथीहरूलाई नमस्कार !**

म हाम्रो समूहबाट तयार पारिएको परियोजना कार्यका मुख्य मुख्य कुरा सुनाउँछु ।

**धार्मिक स्थलको नाम** : झाँक्रीस्थान

**स्थान** : मल्लरानी गाउँपालिका वडा नं. ४ को कान्द्रेखोला ठाउँ

**धार्मिक गतिविधि :**

- हरेक दिन भक्तजनहरू पूजाआजाका लागि आउने
- शनिबार र मङ्गलबार विशेष पूजाआजा हुने
- पञ्चबली चढाउने
- भाकल पूरा गर्न भक्तजनहरू आउने

**धार्मिक विश्वास :**

- सन्तान लाभ हुने विश्वास
- भगवान्सँग चिच्याएर वर मागिने
- चाहेको कुरा पुग्ने



**मन्दिरको वर्तमान अवस्था :**

- रुखमा त्रिशूल, घण्टा झुन्ड्याइएको
- झाँक्री महाराजको मूर्तिलाई चारैतिरबाट ससाना पोलले मात्र घेरिएको
- पुरातत्व विभागबाट संरक्षणका लागि एजेन्डा बनाइएको भए पनि काम सम्पन्न नभएको
- मन्दिरको संरक्षण र व्यवस्थापन नभएको

**संरक्षण र व्यवस्थापनका लागि गर्नुपर्ने प्रयासहरू :**

- मन्दिरको निर्माण गर्नुपर्ने
- मन्दिर परिसरमा वधशाला, पाटीपौवा र शौचालय निर्माण गर्नुपर्ने

- मन्दिर परिसरमा सफा खानेपानीको व्यवस्था गर्नुपर्ने
- भक्तजनहरूलाई बस्नका लागि बेन्चको व्यवस्था गर्नुपर्ने
- मन्दिर परिसरलाई पर्खाल गर्नुपर्ने

**भविष्यको सम्भावना :**

- धार्मिक पर्यटकको आवागमन बढ्ने
- मल्लरानी गाउँपालिकाको पहिचान बढ्ने

मेरो समूहका सम्पूर्ण साथीहरूको तर्फबाट हार्दिक धन्यवाद ।

**अब पर्यटकीय सम्पदा समूहबाट कक्षा प्रस्तुतिका लागि मनिता मगर अगाडि जान्छिन् ।**

**नमस्कार साथीहरू !**

म पर्यटकीय सम्पदा समूहबाट तयार पारिएको परियोजना कार्यसँग सम्बन्धित भएर कक्षा प्रस्तुति गर्दै छु ।

**प्राकृतिक स्थलको नाम** : मल्लरानी थुम्को

**स्थान** : मल्लरानी गाउँपालिका वडा नं. ४

**मल्लरानीको विशेषता :**

- उत्तरतिर अग्ला अग्ला पहाड र हिमालयका दृश्यहरू देखिने
- दक्षिणतिर झिम्रुकफाँट, खैरा, थापडाँडा, बुढाचौर स्थानहरू देखिने
- पूर्वतिर बुकेती डाँडो, गहतेरा, अर्घाखाचीका समथर बस्ती स्थानहरू देखिने
- पश्चिमतिर विजवार बजार, झिम्रुक फाँट, माझकोट र झुलेनी डाँडाका स्थानहरू देखिने

- जाडो मौसममा झरी पर्दा हिउँ पर्ने
- यही थुम्काको नामबाट गाउँपालिकाको नामकरण भएको



**प्रचारप्रसारका लागि गर्नुपर्ने माध्यम :**

- मल्लरानी महोत्सवको आयोजना गर्ने
- वृत्तचित्र बनाएर युटुबमा राख्ने
- स्थानीय तथा राष्ट्रिय सञ्चारका माध्यमबाट प्रचार गर्ने

**भविष्यको सम्भावना :**

- आन्तरिक तथा बाह्य पर्यटनको आवागमन हुने
- होटल तथा रिसोर्टहरू स्थापना हुने
- गाउँपालिकाको आर्थिक स्रोत बढ्ने
- स्थानीय जनतालाई रोजगारीको अवसर बढ्ने

प्रस्तुति सुनिदिनुभएकोमा समूहका सम्पूर्ण साथीहरूसहित मेरो पनि धन्यवाद ।

तीनओटै समूहको प्रस्तुतीकरण सकिएपछि शिक्षकले सबैलाई धन्यवाद दिँदै भन्नुभयो, "तपाईँहरूले मैले दिएको निर्देशनअनुसार स्थलगत भ्रमण गरी परियोजना कार्य पूरा गर्नुभयो । हामीले मल्लरानी गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण र प्रवर्धन गर्नुपर्छ । नयाँ नयाँ सम्भावनाहरूको खोजी गर्नुपर्छ । ऐतिहासिक, धार्मिक र प्राकृतिक सम्पदालाई पर्यटन पूर्वाधारसँग जोड्नुपर्छ ।"

# अभ्यास

## १ जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| झाँक्रीस्थान | धार्मिक विश्वास |
| मल्लरानी थुम्को | गाउँपालिकाको आर्थिक स्रोत |
| ऐतिहासिक दरबार | वातावरणको सुरक्षा |
| पर्यटकको आवागमन | प्राकृतिक सम्पदा |
| चिच्याएर वर माग्नु | धार्मिक सम्पदा |
| | ऐतिहासिक सम्पदा |

## २ ठिक बेठिक छुट्याउनुहोस् :

(क) शिक्षकले विद्यार्थीहरूलाई तीनओटा समूहमा विभाजन गर्नुभयो । ☐

(ख) ऐतिहासिक दरबार संरक्षणका लागि पर्यटकले पहल गर्नुपर्छ । ☐

(ग) झाँक्रीस्थान मल्लरानी गाउँपालिकाको वडा नं. ३ मा पर्छ । ☐

(घ) झाँक्रीस्थानमा पञ्चबलीको व्यवस्था छ । ☐

(ङ) मल्लरानी प्राकृतिक दृश्यहरूका लागि प्रख्यात छ । ☐

## ३ तपाईँको वडामा रहेको कुनै पर्यटकीय स्थलको बारेमा लेख्नुहोस् :

पर्यटकीय स्थलको नाम : ..................................................................

पर्यटकीय स्थल रहेको ठेगाना : ............................................................

पर्यटकीय स्थलको प्रकृति : ................................................................

पर्यटकीय स्थलको विशेषता : ...........................................................

...........................................................

...........................................................

...........................................................

प्रचारप्रसारका लागि गर्नुपर्ने कामहरू : ...................................................

...........................................................

...........................................................

भविष्यका सम्भावनाहरू : ...........................................................

...........................................................

...........................................................

...........................................................

## ४ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) ऐतिहासिक सम्पदा समूहका विद्यार्थीहरू कहाँ भेला भए ?

(ख) गुठ दरबारको गारो किन चर्किएको रहेछ ?

(ग) झाँक्रीस्थानमा कस्ता भक्तजनहरू जाने गर्छन् ?

(घ) मल्लरानी थुम्को कहाँ अवस्थित छ ?

(ङ) पर्यटकको आवागमनबाट के फाइदा हुन्छ ?

## ५ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) पर्यटकीय सम्पदा समूहका विद्यार्थीहरू कहाँ भेला भए ?

(ख) गुठ दरबार संरक्षणका लागि के के गर्नुपर्छ ?

(ग) झाँक्रीस्थानमा कहिले विशेष पूजाआजा हुन्छ ?

(घ) मल्लरानी थुम्कालाई कसरी प्रचारप्रसार गर्न सकिन्छ ?

(ङ) कस्ता सम्पदालाई पर्यटन पूर्वाधारसँग जोड्नुपर्छ ?

## ६ चित्र वर्णन गर्नुहोस् :





## ७ तपाईँको पालिकामा भएको ऐतिहासिक, धार्मिक र प्राकृतिक पर्यटकीय स्थलको नाम लेख्नुहोस् :

| क्र.सं. | ऐतिहासिक स्थल | धार्मिक स्थल | प्राकृतिक स्थल |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

**८** कक्षाका साथीहरू ऐतिहासिक सम्पदा समूह, धार्मिक सम्पदा समूह र प्राकृतिक सम्पदा समूहमा विभाजित पाठमा उल्लेख गरिएको ढाँचामा परियोजना कार्य सम्पन्न गरी कक्षा प्रस्तुतीकरण गर्नुहोस् ।

**९** मल्लरानी गाउँपालिकामा पर्यटन प्रवर्धनका सम्भावना र चुनौती विषयमा अन्तरक्रिया गर्नुहोस् ।

**१०** 'पर्यटन पूर्वाधार : रोजगारीको आधार' शीर्षकमा एउटा लेख लेख्नुहोस् :

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

पाठ ३

# सरायनाच, कुलपूजा र रोपाइँ जात्रा

मल्लरानीमा प्रचलित विभिन्न नाचहरूमध्ये सरायनाच पनि एक लोकप्रिय नाच हो । सरायनाचको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पहिचान छ । सरायनाच मल्लरानीको मौलिक पहिचान हो । सरायनाच मल्लरानी गाउँपालिकाको वडा नं. ३ स्थित चौरपानीमा प्रदर्शन गरिन्छ । सरायनाच प्रत्येक वर्षको वडा दसैँका अवसरमा घटस्थापनको भोलिपल्ट अर्थात् आश्विन कृष्ण पक्षको एकादशीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म नाचिन्छ ।



चौरपानीको सरायनाच

सरायनाच बाइसे चौबिसे भुरे टाकुरे राजाका पालादेखि प्रारम्भ भएको किंवदन्ती छ। यो नाच कोतघर, देवीका मन्दिर, शक्तिपिठहरूमा देखाउने प्रचलन आदिमा खुँडा खुकुरी, तरबार, भाला आदि राख्ने गर्थे । दसैँको समयमा तिनै हातहतियारलाई हातमा लिएर पङ्क्तिबद्ध भएर नाचगान गर्थे । सरायनाच विजय उत्सवका रूपमा पनि नाचिने गरिन्थ्यो । यो नाच पन्चैबाजाका तालमा नाचिन्छ । पौराणिक मान्यताअनुसार वडा दसैँलाई असत्यमाथि सत्यको विजयका रूपमा लिइन्छ । अँध्यारोमाथि उज्यालोको विजयका रूपमा लिइन्छ । शत्रुमाथिको विजयका रूपमा लिइन्छ । उक्त विजयको प्रतीकलाई हर्षोल्लासको साथ नाचिने प्रचलनले हालसम्म पनि निरन्तरता पाएको कुरा केही बुढापाकाहरू बताउँछन् ।

प्राचीन राजाहरूले कोतघर तथा समतलमा आफ्ना हातहतियार भण्डारण गर्ने र उक्त हातहतियारलाई दसैँको अवसर पारेर प्रदर्शन गर्ने प्रचलनका रूपमा पनि सराय नाचलाई लिने गरिन्छ । मल्लरानीको विशेष पहिचान बोकेको सरायनाचमा वृद्धवृद्धा, युवायुवती तथा बालवनिता सबैको उल्लेखनीय उपस्थिति रहन्छ ।

मल्लरानीमा बसोबास गर्ने विभिन्न जातजातिहरूमध्ये केही जातजातिमा कुलपूजा गर्ने परम्परा रहेको छ । कुलदेवतालाई वंशका मालिक वा इष्ट देवता मानिन्छ । आफ्नो कुलका इष्ट देवतालाई विधिपूर्वक पूजाआजा र धूपधुँवार गर्ने चलन बाहुन, क्षेत्री र मगर समुदायमा रहिआएको छ । कुनै जातिले कुलपूजा धान्य पूर्णिमामा मनाउँछन् । कुनै जातिले चण्डी पूर्णिमामा मनाउँछन् । कुनै कुनै जातिले मङ्सिर पञ्चमी वा जेठ पञ्चमीमा पनि मनाउँछन् । कुलपूजा गर्दा आआफ्नो वंश परम्परा, जात र रीतिरिवाजको तरिकालाई ख्याल गर्नुपर्छ । कसैको वर्षैपिच्छे, कसैको तीन तीन वर्षमा र कसैको पाँच पाँच वर्षमा कुलपूजा गर्ने चलन हुन्छ । कुलपूजा घरमुलीले गर्नुपर्छ । शाकाहारीहरूले कुलदेवताको मन्दिरमा नरिवल चढाउँछन् । मासु खानेहरूले बोकाको बलि दिन्छन् ।


कुलायन पूजा

कुलपूजाका दिन बिहानै नुहाइधुवाइ गरेर शुद्ध हुनुपर्छ । घरबाट धूप, फूल, जौ, तिल, अबिर, नैवेद्य जस्ता पूजा सामग्री लिएर कुलदेवताको मन्दिरमा जानुपर्छ। घरमा विवाह, व्रतबन्ध, पूजाआजा जस्ता शुभ कार्यहरू गरिएका छन् भने त्यसको भाग कुलदेवतालाई बुझाउने चलन हुन्छ । वंशअनुसार कुलदेवता मन्दिर स्थापना गरिएको हुन्छ । कुलपूजाको दिन मन्दिरको विशेष सरसफाइ हुन्छ । देवतालाई चोखो पानीले नुहाइदिनपर्छ । कुलदेवता मन्दिरमा पुरोहितले मन्त्र पाठ र होम गर्दै विधिपूर्वक पूजाआजा चलाउँछन् । कुलपूजामा कुलका

जेष्ठ नागरिकहरूद्वारा कर्महरू गरिन्छ । कसै कसैमा पूजाको समयमा शरीर काम्ने हुन्छ । यो सामूहिक पूजा विधि हो । कुलपूजा कर्ममा सहभागी हुने व्यक्तिले कपाल खौरनुपर्छ । अघिल्लो दिन छाक छोडेर शुद्ध भई बस्नुपर्छ । जात र वंशअनुसार कुलदेवता पूजाका विधिहरू फरक पनि हुन सक्छन् । कुलदेवता मन्दिर परिसरमा बाजा बजाएर पञ्चैबाजाको तालमा नाचगान गरिन्छ । पूजा स्थलमै सेलरोटी र नैवेद्य पकाइन्छ । पूजामा जाने सहभागीहरूले पूजा स्थलमै खानेकुरा खान्छन् । कुलपूजाले आआफ्नो वंशको परम्परा बोकेको छ । वंशका दाजुभाइबिच एकता बढाएको छ । संस्कृतिलाई निरन्तरता दिएको छ ।

मल्लरानी गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजातिहरूमध्ये नेवार समुदाय पनि एक हो । नेवार समुदायका आफ्नै मौलिक संस्कृति रहेका छन् । नेवारी संस्कृतिहरू प्राय अन्य जातजातिका संस्कृतिभन्दा भिन्न खालका हुन्छन् । रोपाइँ जात्रा नेवारहरूको मौलिक संस्कृति हो । यो जात्रा मल्लरानी गाउँपालिकाको वडा नं. ४ स्थित खलङ्गामा असार महिनामा धान रोपाइँ गरिसकेपछि देखाइन्छ । यस ठाउँमा नेवारहरूको बाक्लो बस्ती छ । रोपाइँ जात्राको प्रचलनका सम्बन्धमा उस्तै कथन सुनिँदैन । प्रताप मल्लले रोपाइँ जात्राको चलन चलाएको कुरा बुढापाकाहरू बताउँछन् । कोही कोही धान रोपाइँको खुसीयालीमा जात्रा मनाइएको बताउँछन् । गाईजात्रामा जस्तै रोपाइँ जात्रामा पनि हास्य व्यङ्ग्य र प्रहसन गरिन्छ । विभिन्न झाँकीहरू देखाइन्छ ।


रोपाइँ जात्रा

नेपाल कृषिप्रधान मुलुक भएकाले कृषि कार्यको झलक रोपाइँ जात्रामा देख्न सकिन्छ । स्थानीय नेवार समुदायका मानिसहरू परम्परागत पहिरनमा सजिएका हुन्छन् । धिमे, झ्याली र बाँसुरीको तालमा नाचगान हुन्छ । जात्रा देखाइने खेतमा मानिसलाई गोरु नारे झैँ जुवामा नारेर खेत जोतेको अभिनय

गरिन्छ । हातमा कोदाली बोकेर खेत खनेको र बाउसे गरेको अभिनय गरिन्छ । रोपारहरू हातमा धानको बिउ लिएर छुपु छुपु धान रोपेको अभिनय गर्छन् । ठाउँअनुसार फरक फरक तरिकाले रोपाइँ जात्रा मनाउने चलन छ ।

मल्ल कालदेखि मनाइँदै आएको रोपाइँ जात्राले नेवारी संस्कृतिलाई निरन्तरता दिएको छ । समुदायलाई मनोरञ्जन दिएको छ । सामाजिक सद्भाव बढाएको नयाँ पुस्तालाई आफ्नो परम्पराका बारेमा परिचित गराएको छ ।

# अभ्यास

## १ ठिक बेठिक छुट्याउनुहोस् :

(क) सरायनाच चौरपानीमा नाचिन्छ । ☐

(ख) सारायनाच शाह वंशको पालादेखि प्रचलनमा आएको हो । ☐

(ग) मल्लरानीका सबै जातजातिले कुलपूजा गर्छन् । ☐

(घ) कुलदेवताको मन्दिरमा कुलपूजा गरिन्छ । ☐

(ङ) नेवार समुदायले रोपाइँ जात्रा मनाउँछन् । ☐

## २ खाली ठाउँ भर्नुहोस् :

(क) सरायनाच घटस्थापनाको भोलिपल्टदेखि ............................... सम्म मनाइन्छ ।

(ख) प्राचीन राजाहरूले ......................... मा हातहतियार भण्डारण गर्थे ।

(ग) ............................ समुदायमा कुलपूजा गर्ने प्रचलन छ ।

(घ) मल्लरानीको ............................ वडामा नेवारहरूको बाक्लो बस्ती छ ।

(ङ) ............................ जात्राले नेवारी संस्कृतिलाई निरन्तरता दिएको छ ।

## ३ तपाइँको समुदायमा प्रचलित कुलपूजा वा जात्राका बारेमा लेख्नुहोस् :

संस्कृतिको नाम : ..............................................................................

मनाउने समय : ..............................................................................

मनाउने कारण : ..............................................................................

मनाउने तरिका : ..............................................................................

सहभागीहरू : ..............................................................................

मनाउने स्थान : ..............................................................................

## ४ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) सरायनाच कहाँ नाचिन्छ ?

(ख) सरायनाच कहिलेदेखि प्रारम्भ भएको मानिन्छ ?

(ग) मल्लरानीका कुन कुन जातिले कुलपूजा गर्छन् ?

(घ) कुलपूजालाई किन एकताको पर्वका रूपमा लिइन्छ ?

(ङ) रोपाइँ जात्रा कसरी मनाइन्छ ?

## ५ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) सरायनाच कति दिनसम्म नाचिन्छ ?

(ख) सरायनाच कसरी नाचिन्छ ?

(ग) कुलपूजामा कसले नरिवल चढाउँछन् ?

(घ) रोपाइँ जात्राका सम्बन्धमा कुन किंवदन्ती प्रचलित छ ?

(ङ) रोपाइँ जात्राको के महत्त्व छ ?

**६** **नेवारी समुदायमा प्रचलित निम्न जात्रा निकाल्नुको औचित्यका बारेमा छलफल गरी कक्षामा प्रस्तुति गर्नुहोस् :**

- डोकेजात्रा
- रोपाइँ जात्रा
- गाईजात्रा

**७** **तपाइँ सहभागी हुनुभएको कुनै जात्रा, नाच वा कुलपूजाको अनुभव साथीहरूलाई सुनाउनुहोस् ।**

**८** **मल्लरानीका स्थानीय संस्कृतिका नाम पाठ हेरी लेख्नुहोस् :**

| क्र.सं. | जात्रासँग सम्बन्धित | चाडपर्वसँग सम्बन्धित | संस्कारसँग सम्बन्धित |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |

९ दिइएका सांस्कृतिक मान्यताहरूको महत्त्व तथा प्रवर्धन गर्ने तरिकाका सन्दर्भमा अन्तरक्रिया गर्नुहोस् :

- सरायनाच
- कुलपूजा
- डोकेजात्रा

१० सरायनाचमा सहभागी हुने एक जना अनुभवी व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी सरायनाचको ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका बारेमा जानकारी लिनुहोस् ।

११ सरायनाचको विधिका सन्दर्भमा समूहमा छलफल गरी चार्ट पेपरमा टिपोट गर्नुहोस् र कक्षामा टाँस्नुहोस् :

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

एकाइ ४

# हाम्रा पेसा, व्यवसाय र प्रविधि

## पूर्व पठन

१. दिइएको चित्र हेरी छलफल गर्नुहोस् :



खेतीपाती गरिरहेको



व्यवसायिक पशुपालन

२. दिइएका प्रश्नका बारेमा समूहमा छलफल गरी कक्षामा प्रस्तुति गर्नुहोस् :

(क) तपाईंको परिवारको आम्दानीको मुख्य स्रोत के हो ?


(ख) हामी किन पेसा वा व्यवसायमा आबद्ध हुनुपर्छ ?

पाठ १

# हाम्रा कृषि उत्पादन

कृषि पेसा मल्लरानी गाउँपालिकाको परम्परागत पेसाअन्तर्गत पर्छ। अहिले पनि मल्लरानीको धेरै जनसङ्ख्या कृषि पेसामा आबद्ध छन् । यहाँको हावापानी र भौगोलिक विविधताका कारण विभिन्न कृषिजन्य वस्तु उत्पादन हुन्छ । मल्लरानीको सबैभन्दा अग्लो भूभाग माझपानी धुरी समुद्री सतहबाट १८८२ मिटर उचाइमा अवस्थित छ । यहाँको सबैभन्दा होचो भूभाग धुदीबेँसी समुद्री सतहबाट ४९२ उचाइमा अवस्थित छ। मल्लरानी गाउँपालिका मध्य पहाडी क्षेत्रमा रहेको भए पनि यहाँ उच्च पहाडी र तराई क्षेत्रको हावापानी छ । हावापानीको प्रत्यक्ष प्रभाव कृषि उत्पादनका क्षेत्रमा पनि पर्नु स्वाभाविक नै हो ।

मल्लरानी गाउँपालिकाको वडा नं. १ मा माझपानी, चदुली, सिँदुरे थाम आदि पहाड छन् । सलिथुम, अग्ला बाँझ, चुँदरी खोला, अर्भाङ, दारिम खर्क जस्ता भिराला जमिन छन्। त्यसैगरी ठुलाचौर, चुदरी खोला जस्ता समथर भूभाग छन् । यहाँ बस्तीहरू पातलो किसिमका छन् । जमिनको प्रकृतिअनुसार यहाँ मकै, कोदो, फापर, धान, गहुँ, मास, सिमी, भटमास आदि उत्पादन हुन्छ । यहाँ गाई, भैँसी, बाख्रा र कुखुरा पालिन्छ ।



मल्लरानी गाउँपालिका वडा नं. २ को धेरै जस्तो भूभाग भिरालो प्रकृतिको छ। यहाँ सिउँते र चुँजा नामका पहाड छन्। यहाँ मरुङ, खरेडाँडा, मधुकेर जस्ता भिराला जमिन छन्। यहाँ प्रतापकोट, सिउँते, चुजा नामका थुम्का छन्। बान्ता, कुँडार, ठुलाखेत आदि यहाँका समथर भूभाग हुन्। यहाँ पनि मल्लरानी गाउँपालिकाको वडा नं. १ कै जस्तो अन्नबाली उत्पादन हुन्छ। काउली, बन्दाकोभी, आलु, गोलभेडा, साग जस्ता तरकारीजन्य वस्तु उत्पादन गरिन्छ। पशुपन्छीहरूमा गाई, भैँसी, बाख्रा, कुखुरा आदि पाल्ने गरिन्छ।

रस्पुरकोट, गिरिचौर, बुकेनी आदि मल्लरानी गाउँपालिका वडा नं. ३ मा रहेका पहाडहरू हुन्। यहाँ बर्बोट, जोबिनडाँडा, बन्चरे नामका भिराला जमिन छन्। चौरपानी, सालठाँटी, चुँजाठाँटी जस्ता समथर भूभाग छन्। यहाँ पनि मकै, कोदो, फापर, धान, गहुँ आदि अन्न उत्पादन हुन्छ। सिमी, बोडी, मास, भटमास आदि यहाँ उत्पादन हुने दलहन हुन्। यहाँका कृषकहरूले पनि गाई, भैँसी, बाख्रा, कुखुरा पालेर आर्थिक उपार्जन गर्ने गर्छन्।

मल्लरानी र भैरवडाँडा मल्लरानी गाउँपालिकाको वडा नं. ४ मा अवस्थित पहाड हुन्। यहाँ टोप्रे, सारीबाड, पाण्डेडाँडा, खलङ्गा नाम गरेका भिराला जमिन छन्। बुढीचौर र गुठकसेरी यहाँका समथर भूभाग हुन्। मल्लरानी गाउँपालिकाको प्रसिद्ध खलङ्गा बजार यही वडामा पर्छ। खलङ्गा बजार मल्लरानी गाउँपालिकाको व्यापारिक केन्द्र हो। यहाँ स्थानीय कृषकहरूले उत्पादन गरेका कृषिजन्य वस्तुहरू प्रशस्त मात्रामा बिक्री वितरण हुन्छ। भूबनोटअनुसार यहाँका प्रमुख अन्नबालीमा धान, मकै, कोदो आदि पर्छन्। यहाँका प्रमुख घरपालुवा जनावरहरू गाई, भैँसी, बाख्रा आदि हुन्।

मल्लरानी गाउँपालिका पाँचओटा वडाहरू मिलेर बनेको छ। बेलडाँडा, रप्चु, धैडाँडा आदि यहाँका पहाड हुन्। पलाँसे, रप्चु, रिट्ठेखर्क आदि यहाँको भिरालो भूबनोट भएको क्षेत्र हो। गाउँपालिकाकै होचो भूभागमा रूपमा परिचित धुँदीबेँसी  यही वडामा अवस्थित छ। धुदीबेँसी समथर भूभाग हो। यो वडामा पनि मल्लरानीको अन्य वडामा जस्तै अन्नबाली, दलहन, तथा तरकारीहरू उत्पादन हुन्छ। पशुपन्छी पालनको प्रकृति पनि अन्य वडा झैँ समान किसिमको छ।



विद्यार्थी भाइबहिनीहरू ! माथि हामीहरूले मल्लरानी गाउँपालिकाको प्रत्येक वडाको भौगोलिक अवस्था र त्यहाँ उत्पादन हुने कृषिजन्य वस्तुका बारेमा छलफल गर्‍यौँ । यी कुराहरू त हामीलाई कुनै न कुनै रूपमा जानकारी भएकै हुन् । हामीले वरिपरि देखेका र थाहा पाएका कुरा त हुन् नि भनेर बेवास्ता गर्नुहुँदैन । हामीलाई अति सामान्य लाग्ने पेसा र व्यवसायबाट हाम्रो जीविका चलेको हुन्छ । परिवारको आम्दानीको प्रमुख स्रोत यसमै निर्भर हुन्छ । हाम्रा परिवारका सदस्यहरूले गर्ने कृषि कार्यमा हाम्रो पनि सहभागिता हुनुपर्छ । बिहान बेलुकाको समयमा आवश्यकताअनुसार बिरुवा रोप्ने, बाली लगाउने, गोडमेल गर्ने, सिंचाइ गर्ने जस्ता काम गर्नुपर्छ । गाईवस्तुलाई घाँस काट्ने, गोबर सोहोर्ने, दुहुने जस्ता काम गरेर सहयोग पुऱ्याउन सकिन्छ । घरमा उत्पादित अन्न, फलफूल, तरकारी, दुधलाई बजारसम्म पुऱ्याएर बेचबिखनमा सहयोग गर्न सकिन्छ । उमेर, परिवारको आवश्यकताका आधारमा कृषि तथा पशुपालनका तरिकाहरू सिकेर आत्मनिर्भर बन्न सकिन्छ ।

## अभ्यास

### १ ठिक बेठिक छुट्याउनुहोस् :

(क) मल्लरानी गाउँपालिकाका धेरै जनता व्यापार गर्छन् ।

(ख) हावापानीको प्रत्यक्ष प्रभाव कृषि उत्पादनमा पनि पर्छ ।

(ग) भिरालो जमिनमा धान खेती राम्रो हुन्छ ।

(घ) गुठकसेरी फलफूल खेतीमा लागि प्रसिद्ध छ ।

(ङ) धुदीबेँसी वडा नं. ५ मा पर्ने समथर भूभाग हो ।

## २ तपाईँ बसोबास गर्ने वडाको कृषि व्यवसायका बारेमा लेख्नुहोस् :

### मल्लरानी गाउँपालिका

वडा नं. : ...............................................

हावापानी : ...............................................

भिरालो जमिन भएको क्षेत्र : ...............................................

समथर : ...............................................

हिउँदे अन्नबाली : ...............................................

बर्खे अन्नबाली : ...............................................

पशुपन्छी पालन : ...............................................

सिँचाइ हुने क्षेत्र : ...............................................

## ३ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) मल्लरानी गाउँपालिकाको हावापानी कस्तो छ ?

(ख) मल्लरानीका बासिन्दाको प्रमुख पेसा के हो ?

(ग) मल्लरानीका प्रमुख अन्नबालीहरू कुन कुन हुन् ?

(घ) कस्तो जमिन धान खेतीका लागि उपयुक्त हुन्छ ?

(ङ) तपाईँ कसरी परिवारलाई सरसहयोग गर्नुहुन्छ ?

## ४ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) मल्लरानी गाउँपालिकाको प्रमुख कृषि उत्पादन के के हो ?

(ख) मल्लरानीमा कुन कुन जातका पशु पालिन्छ ?

(ग) तपाईँको वडामा उत्पादन हुने प्रमुख तरकारीहरू के के हुन् ?

(घ) हामी कसरी आत्मनिर्भर बन्न सक्छौँ ?

## ५ दुईओटा चित्रबिच तुलना गर्नुहोस् :





## ६ तपाईँको पालिकाका प्रत्येक वडामा उत्पादन हुने अन्न, तरकारी र दलहनको नाम लेख्नुहोस् :

| क्र.सं. | वडा नं. | प्रमुख अन्नबाली | प्रमुख तरकारी | प्रमुख दलहन |
|---|---|---|---|---|
| १. | १ | | | |
| २. | २ | | | |
| ३. | ३ | | | |
| ४. | ४ | | | |
| ५. | ५ | | | |

## ७ तपाईँले आफ्नो परिवारले गर्ने पेसा व्यवसायमा कसरी सरसहयोग गर्नुहुन्छ ? पालैपालो कक्षामा सुनाउनुहोस् ।

८ तपाईँको वडाको कृषि व्यवसायलाई आधुनिकीकरणका लागि गर्नुपर्ने कामका सन्दर्भमा छलफल गर्न पालिकाको कृषि कार्यालयमा जानुहोस् । मुख्य मुख्य बुँदा टिपोट गर्नुहोस् :

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

९ तपाईँले भविष्यमा कुन पेसा व्यवसायमा आबद्ध हुने योजना बनाउनुभएको छ ? कारणसहित योजना सुनाउनुहोस् ।

१० कृषिजन्य वस्तुको बजारीकरणको पहिलेको र अहिलेको अवस्थाका बारेमा अभिभावकसँग कुराकानी गरेर मुख्य मुख्य कुरा कक्षामा सुनाउनुहोस् ।

पाठ ३

# हाम्रो परम्परागत प्रविधि


परम्परागत प्रविधिको शाब्दिक अर्थ कुनै पनि काम गर्दा अनुभव तथा प्रयोगका आधारमा धेरै पहिलेदेखि अँगालिएको निश्चित प्रक्रिया हो । पहिले पहिले अचेलका जस्ता उपकरण र औजार पाइँदैनथे । हाम्रा पुर्खाहरूले स्थानीय साधन प्रयोग गरेर स्थानीय प्रविधि विकास गरेका छन् । उनीहरूले स्थानीय प्रविधिलाई उपयोग गरेर आफ्नो दैनिक जीवन सञ्चालन गर्थे । पानीघट्ट, पानीमिल, कोल आदि हाम्रा परम्परागत प्रविधिका उदाहरण हुन् ।

तपाईँहरूले पानीघट्ट, पानीमिल तथा कोल त देख्नुभएको छ । यस्ता प्रविधिलाई उपयोग पनि गर्नुभएको छ । यस्ता प्रविधिलाई किन परम्परागत प्रविधि भनियो होला भन्ने जिज्ञासा उठ्न सक्छ । आफ्नै ज्ञान, सिप, प्रयोग र आवश्यकताका आधारमा यस्ता प्रविधिहरू विकास भए । यस्ता प्रविधिको विकास वैज्ञानिक प्रयोग र परीक्षणबाट नभई प्रयोग र अनुभवका आधारमा भयो । कसले आविष्कार गऱ्यो ? कहिले आविष्कार गऱ्यो ? यस्ता जिज्ञासाको कुनै प्रमाण र आधार छैन । यसबाट के पुष्टि हुन्छ भने हाम्रा पुर्खाहरूले साझा प्रयोग र अभ्यासबाट आफूलाई दैनिक जीवन सञ्चालनमा आवश्यक पर्ने प्रविधि विकास गरे । मकै, कोदो, गहुँ, फापर आदिबाट पिठो बनाउनका लागि पानीघट्टको विकास भयो । तोरी, सर्स्युँ, भटमास आदिबाट तेल निकाल्नका लागि कोलको विकास भयो । लगाउने कपडा तयार पार्न तानको विकास भयो । यसरी परम्परागत प्रविधिको प्रयोगबाट दैनिक जीवनका आवश्यकताहरू पूरा गरिन्थे ।

हाम्रा परम्परागत प्रविधिहरूमा स्थानीय स्रोत, साधन र सिपको मात्र उपयोग हुन्थे । स्थानीय स्रोत र साधन भन्नाले त्यही ठाउँमा पाइने समान वा वस्तु भन्ने बुझिन्छ । यस्ता वस्तुहरूलाई बाहिरबाट निर्माण गरेर वा खरिद गरेर ल्याउन सम्भव हुँदैन । पानीघट्टको उदाहरणका सन्दर्भमा छलफल गरौँ । खोलानालामा बगेको पानीलाई कुलो बनाई घट्ट बनाउने घाटसम्म पुऱ्याइन्छ । घट्टका लागि आवश्यक पर्ने गहते ढुङ्गो स्थानीय रूपमा

वरपर पाइन्छ । स्थानीय कालीगढहरूले घट्टका लागि उपयुक्त ढुङ्गो छनोट गर्छन् । त्यसपछि स्थानीय रूपमै बनेका घन, हतौडा, छिनो आदि औजार प्रयोग गरी घट्ट कुँद्ने काम हुन्छ । कुँदिएको घट्टलाई बाँस, काठ आदि स्थानीय वस्तु प्रयोग गरी ठुलो जमातले बोकेर घाटसम्म ल्याउँछन् । घट्ट बनाउने घाटमा कुलोबाट ल्याइएको पानीलाई काठको डुँड प्रयोग गरी पानीको वेगबाट मानी घुमाइन्छ । यो मानी पनि स्थानीय व्यक्तिले स्थानीय स्तरमै पाइने निगालाको चोयाबाट सोली तयार पारिन्छ । यसरी पानीघट्टका लागि वरिपरि पाइने सामग्रीको मात्र प्रयोग हुन्छ । पानीघट्ट निर्माणका लागि स्थानीय व्यक्ति नै सक्षम हुन्छन् ।

तत्कालीन समयमा कुनै पनि विकल्प नभएका कारण परम्परागत प्रविधिलाई परिवर्तन गर्ने काम सम्भव थिएन । आजको अवस्था फरक छ । हाम्रा पुर्खाहरूले विकास गरेका प्रविधिमा थोरै तरिका तथा सामान फेर्‍यौँ भने स्थानीय प्रविधिलाई सरल ढङ्गले उपयोग गर्न सकिन्छ । समयको बचत हुन्छ । किफायती प्रयोग गर्न सकिन्छ । उत्पादन बढाउन सकिन्छ । यस सन्दर्भमा तलको चित्र हेरेर परम्परागत पानीघट्ट र सुधारिएको पानीघट्टबिच छलफल गरौँ :













हाम्रो मल्लरानीको समाज स्थानीय प्रविधिमा मात्र होइन स्थानीय उद्योग व्यवसायमा पनि सम्पन्न छ । हामीलाई दैनिक रूपमा आवश्यक पर्ने डोको, डालो, ढकी, डाली आदि यहाँ निर्माण हुन्छन् । यी सामानहरू बाँस तथा निगालाबाट उत्पादन हुन्छन् । अहिले प्रविधिको विकाससँगै ढकी, डाली, सुपो आदिको वैकल्पिक प्रयोग हुन थालेको छ । पहिला पहिला यस्ता सामानको विकल्प थिएन । त्यसैले स्थानीय स्तरमै उत्पादन गरी बिक्रीका लागि बुनिन्थ्यो । मानिसहरू आफ्नो सिप र क्षमताअनुसार कोही काठको सामानको उत्पादन र बेचबिखन गर्थे । कोही





निगाला बाँस आदिका सामानको उत्पादन र बेचबिखन गर्थे । कोही कपडा तयार पारी बेचबिचन गर्थे । यस्तै विभिन्न स्थानीय वस्तुहरूमा आधारित उद्योग धन्दा सञ्चालन गरी मानिसको जीविकोपार्जन चल्थ्यो ।

वर्तमान सन्दर्भमा स्थानीय उद्योग व्यवसाय सञ्चालनका लागि विभिन्न चुनौतीहरू थपिएका छन् । बाँस तथा निगालोबाट वस्तु उत्पादन गर्न कठिनाइ भएको छ । वातावरणीय सुरक्षा तथा कानुनी कारणले निर्मित सामानको वैकल्पिक प्रयोग गर्न थालेका छन् । हाम्रो स्थानीय स्तरमा उत्पादन हुने ढाका उद्योग, कपडा उद्योग आदिलाई समय सापेक्ष प्रविधिको उपयोग गर्नुपर्ने देखिन्छ । नयाँ पुस्तालाई यसतर्फ आकर्षित गराउनुपर्ने देखिन्छ । उत्पादित कपडाको गुणस्तर र बजारीकरणमा ध्यान दिनुपर्ने देखिन्छ । वास्तवमा समय क्रमअनुसार कतिपय उद्योग व्यवसायलाई विकल्पका रूपमा प्रयोग गर्नुपर्छ । कतिपय उद्योग व्यवसायलाई परिवर्तन र परिमार्जन गर्नुपर्छ । उत्पादन बढाउन, वस्तुको बुद्धिजीवी र पेसा व्यवसायमा आबद्ध व्यक्तिहरूको भूमिका सक्रिय रहनुपर्छ ।

# अभ्यास

## १ ठिक बेठिक छुट्याउनुहोस् :

(क) पहिले पहिले आधुनिक उपकरण पाइँदैनथ्यो । [ ]

(ख) स्थानीय प्रविधि राष्ट्रिय आवश्यकतामा आधारित हुन्छ । [ ]

(ग) स्थानीय प्रविधिमा स्थानीय सिपको प्रयोग गरिन्छ । [ ]

(घ) स्थानीय उद्योग व्यवसायले स्थानीय आवश्यकता पूरा गर्छन् । [ ]

(ङ) बाँस तथा निगालाबाट पानीघट्ट बनाइन्छ । [ ]

## २ कुनै स्थानीय प्रविधिका बारेमा लेख्नुहोस् :

स्थानीय प्रविधिको नाम : ..............................................................

प्रयोग क्षेत्र : ..............................................................

चाहिने सामग्री /उपकरण : ..............................................................

बनाउने तरिका : ..............................................................

प्रयोग गर्ने तरिका : ..............................................................

उपयोगिता : ..............................................................

## ३ दिइएको प्रश्नको उत्तर भन्नुहोस् :

(क) स्थानीय प्रविधिको विकास कसले गरेका हुन् ?

(ख) कोल केका लागि प्रयोग गरिन्छ ?

(ग) घट्ट बनाउन कस्तो ढुङ्गो चाहिन्छ ?

(घ) अहिले कस्ता समानको वैकल्पिक प्रयोग हुन थालेको छ ?

(ङ) कपडा उद्योगमा आधुनिक प्रविधिको उपयोग किन गर्नुपर्छ ?

## ४ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) हाम्रा पुर्खाहरू कसरी दैनिक जीवन सञ्चालन गर्थे ?

(ख) पानीघट्टबाट के काम गर्न सकिन्छ ?

(ग) परम्परागत प्रविधिलाई सुधार गर्दा केके फाइदा हुन्छ ?

(घ) कहाँ स्थानीय उद्योग व्यवसाय सञ्चालन हुन्छ ?

(ङ) स्थानीय उद्योगको प्रवर्धनमा ककसको भूमिका रहन्छ ?

## ५ चित्र वर्णन गर्नुहोस् :





## ६ दिइएको स्थानीय प्रविधिबाट के के काम गर्न सकिन्छ ? लेख्नुहोस् :

| पानीघट्ट | पानीमिल | कोल |
|---|---|---|
| | | |

## ७ परम्परागत प्रविधि र सुधारिएको प्रविधिबिच भिन्नता देखाउनुहोस् :

| पानीघट्ट | पानीमिल |
|---|---|
| १ | १ |
| २ | २ |
| ३ | ३ |
| ४ | ४ |
| ५ | ५ |

८ तपाईँको स्थानीय स्तरमा पाइने प्रविधिका सन्दर्भमा समूहमा छलफल गरी स्थानीय प्रविधिका नाम र काम लेख्नुहोस् ।

९ तपाईँ अध्ययनरत विद्यालय वरिपरिका कुनै पाको व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी आधुनिक प्राविधिक विकास हुनुभन्दा पहिले र अहिलेको स्थानीय प्रविधिको उपयोगका सन्दर्भमा छलफल गर्नुहोस् ।

१० स्थानीय प्रविधिबाट ढाका कपडा उत्पादन गर्न के के सामान चाहिंदो रहेछ ? सम्बन्धित ठाउँमा गएर कुराकानी गरी टिपोट गर्नुहोस् । उक्त टिपोटका आधारमा समूहमा छलफल गरी प्रस्तुतीकरण गर्नुहोस् ।

११ मल्लरानी गाउँपालिकाका स्थानीय स्तरका कुन कुन पेसा व्यवसायलाई रुपान्तरन गर्नु आवश्यक छ भन्ने विषयमा वडाका प्रतिनिधिहरूसँग अन्तरक्रिया गर्नुहोस् ।

१२ तपाईँको वरिपरि भएको स्थानीय प्रविधिमा आधारित उद्योग व्यवसाय सञ्चालन गर्ने व्यक्तिलाई भेटेर उक्त व्यवसायको आवश्यकता, सम्भावना र चुनौतीहरू टिपोट गरी मल्लरानी गाउँपालिकाको उद्योग वाणिज्य सङ्घसँग अन्तरक्रिया गर्नुहोस् ।

१३ 'स्थानीय पेसा व्यवसाय : स्वरोगारको आधार' शीर्षकमा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् ।

एकाइ ५

# विकासमा सहयोग पुऱ्याउने व्यक्ति तथा सङ्घ संस्था

## पूर्व पठन

१. दिइएको चित्र हेरी छलफल गर्नुहोस् :





मल्लरानीका विकासमा पूर्वाधार झल्किने खलङ्गा बजार

२. दिइएका प्रश्नका बारेमा समूहमा छलफल गरी कक्षामा प्रस्तुति गर्नुहोस् :

(क) गाउँमा विद्यालय खुल्नाले के के फाइदा भएको छ ?

(ख) मल्लरानी गाउँपलिकालाई कसरी सम्पन्न गाउँपालिका बनाउन सकिएला ?

पाठ १

# शैक्षिक संस्था

शिक्षा प्रदान गर्ने संस्थालाई शैक्षिक संस्था भनिन्छ । बालबालिकाहरूलाई शिक्षा प्रदान गर्न बाल विकास केन्द्र, आधारभूत तथा माध्यमिक विद्यालयहरू खुलेका छन् । उच्च शिक्षाको अध्ययन अध्यापनका लागि क्याम्पस, विश्वविद्यालयहरू खुलेका छन् । शैक्षिक संस्था भन्नाले समग्रमा विद्यालय तथा क्याम्पस भन्ने बुझ्नुपर्छ ।

विद्यार्थी भाइबहिनीहरू ! अहिले तपाईँले शिक्षा आर्जन गर्ने जुन स्थान र वातावरण पाइरहनुभएको छ । त्यसका लागि हाम्रा समाजका अग्रजहरूको भूमिका छ । गाउँ गाउँमा शिक्षाको ज्योति छर्नुपर्छ भनेर उहाँहरूले विद्यालय स्थापना गर्नुभयो । विद्यालय सञ्चालनका लागि जग्गाको व्यवस्था गर्नुभयो । विद्यालय भवन बनाउनुभयो । शिक्षकको व्यवस्था गर्नुभयो । फर्निचर तथा अन्य आवश्यक सामग्रीको व्यवस्था गर्नुभयो । शिक्षाको विकासका लागि तत्कालीन समयमा यतिका काम गर्नु पक्कै पनि चुनौतीपूर्ण थियो ।



मल्लरानी गाउँपालिका वडा नं. ४ खलङ्गामा अवस्थित महेन्द्र माध्यमिक विद्यालयको इतिहासका सन्दर्भमा छलफल गरौँ । यो विद्यालय प्यूठान जिल्लाको सदरमुकाम

खलङ्गामा वि.सं. १९७५ सालमा स्थापना भएको हो । त्यति वेलाको विद्यालय संरचना र नीतिअनुसार यसलाई भाषा पाठशाला भनिन्थ्यो । तत्कालीन समयमा यहाँ बाह्रखरी अङ्क गणित र व्यावहारिक लेखाइ जस्ता विषयवस्तुको पढाइलेखाइ हुन्थ्यो । विद्यालय भवन सामान्य घर जस्तो मात्र थियो । त्यति वेला यहाँ विद्यार्थी सङ्ख्या पनि असाध्यै थोरै थियो । त्यसमा पनि छात्राहरूको सङ्ख्या त शून्य नै थियो ।

वि.सं. २०१४ मा यो विद्यालय श्री ५ महेन्द्र पब्लिक मिडिल स्कुलका नाममा नामकरण भयो । २०२२ मा यो विद्यालय हाइस्कुल अर्थात् माध्यमिक विद्यालय बन्यो । वि.सं. २०२३ मा यो विद्यालयको नाम पुनः परिवर्तन भई श्री महेन्द्र माध्यमिक विद्यालय खलङ्गा, प्यूठान नामकरण भयो । अहिले पनि यही नामबाट विद्यालय सञ्चालित छ ।

वि.सं. १९७५ मा खलङ्गा बजारको गणेश मन्दिर नजिकको गुठीको मौजामा भाषा पाठशाला स्थापना भएको थियो । २०२७ सालदेखि शिवालय मन्दिर नजिक विद्यालय भवन बनाई हालसम्म पनि निरन्तर सञ्चालनमा छ । श्री महेन्द्र माध्यमिक विद्यालय, खलङ्गा, प्यूठान विद्यालयले सय वर्षभन्दा लामो इतिहास पार गरेको छ । यस विद्यालयमा अहिले १० ओटा पक्की भवन छन् । विद्यालयमा विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, पुस्तकालय, शौचालय, खानेपानी आदि भौतिक पूर्वाधारको राम्रो व्यवस्था छ । हाल करिब ७०० जना विद्यार्थी अध्ययनरत छन् । यहाँ वि.सं. २०६० देखि दृष्टिविहीन स्रोत कक्षा पनि सञ्चालन गरिएको छ ।

वि.सं. २०२२ मा यस विद्यालयबाट एस.एल.सी. दिने विद्यार्थी ३ जना थिए । भौतिक पूर्वाधार विहीन अवस्थामा विद्यालय सञ्चालन गर्नु चुनौतीपूर्ण काम थियो । तत्कालीन समयका समाजका अग्रजहरूको भूमिका र सक्रियतामा विद्यालय स्थापना


महेन्द्र मा.वि. सम्मान पाएको

भई वर्तमान अवस्थासम्म आइपुगेको हो । यस विद्यालयले २०४६ र २०६० सालको एस.एल.सी. परीक्षामा मध्य पश्चिमाञ्चल क्षेत्रबाट प्रथम स्थान हासिल गरेको थियो । उक्त नतिजाका आधारमा शिक्षा मन्त्रालयले शिल्ड र नगद पुरस्कार प्रदान गरेको थियो । २०६१ सालमा तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्बाट नमुना विद्यालयका रूपमा छनोटमा पर्न सफल भयो । वि.सं. २०७६ मा तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्बाट नमुना विद्यालयका रूपमा छनोटमा पर्न सफल भयो । वि.सं. २०७६ मा लुम्बीनी प्रदेशबाट प्रदेशस्तरीय नमुना विद्यालयमा छनोट भयो । यो सफलता विद्यालय र समाजको महत्त्वपूर्ण उपलब्धि हो ।

महेन्द्र माध्यमिक विद्यालय, खलङ्गा, प्यूठानको वर्तमान सफलता, शैक्षिक उपलब्धि, भौतिक पूर्वाधार आदिको जग राख्ने काम विद्यालयका प्रथम सेक्रेटरी (संस्थापक अध्यक्ष) स्वर्गीय श्री अमरप्रसाद श्रेष्ठ र पहिलो प्रधानाध्यापक स्वर्गीय श्री शङ्करवीर राय हुनुहुन्थ्यो । त्यसपछि विभिन्न कालखण्डमा विद्यालयको शैक्षिक विकासमा योगदान पुऱ्याउने विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा पूर्व विद्यार्थीहरू सबैको योगदान सह्रानीय छ ।

# अभ्यास

**१ जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| वि.सं. १९७५ | मध्य पश्चिमाञ्चल क्षेत्र प्रथम |
| वि.सं. २०२२ | लुम्बिनी प्रदेश स्तरीय नमुना छनोट |
| वि.सं. २०४६ | उच्चमाध्यमिक शिक्षा परिषद्बाट नमुना छनोट |
| वि.सं. २०६१ | पहिलो पटक एस.एल.सी. दिएको |
| वि.सं. २०७६ | दृष्टिविहीन स्रोत कक्षा सञ्चालन |
| | भाषा पाठशाला स्थापना |

## २ ठिक बेठिक छुट्याउनुहोस् :

(क) महेन्द्र मा.वि.मा हाल कक्षा बाह्रसम्म पढाइ हुन्छ । ☐

(ख) महेन्द्र मा.वि.मा २०२७ सालदेखि भगवती थान नजिक सञ्चालित छ । ☐

(ग) महेन्द्र मा.वि.ले दुईपटक क्षेत्रीय पुरस्कार प्राप्त गऱ्यो । ☐

(घ) महेन्द्र मा.वि.मा दृष्टिविहीनलाई मात्र शिक्षा दिइन्छ । ☐

(ङ) महेन्द्र मा.वि. सामुदायिक विद्यालय हो । ☐

## ३ आफ्नो विद्यालयका बारेमा लेख्नुहोस् :

विद्यालयको नाम : ..........................................................................

ठेगाना : ..........................................................................

पठनपाठन हुने कक्षा : ..........................................................................

स्थापना : ..........................................................................

संस्थापक अध्यक्ष : ..........................................................................

संस्थापक प्रधानाध्यापक : ..........................................................................

सुरुमा विद्यार्थी सङ्ख्या : ..........................................................................

सुरुको भौतिक अवस्था : ..........................................................................

वर्तमान भौतिक अवस्था : ..........................................................................

- भवन सङ्ख्या : ................................................
- शौचालय : ......................................................
- पुस्तकालय : ...................................................
- विज्ञान प्रयोगशाला : ......................................
- कम्प्युटर प्रयोगशाला : ....................................

हालको शिक्षक दरबन्दी सङ्ख्या : ...........................................................

हालको विद्यार्थी सङ्ख्या : ......................................................................

## ४ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) महेन्द्र मा.वि. कहाँ छ ?

(ख) महेन्द्र मा.वि.को सुरुको नाम के थियो ?

(ग) महेन्द्र मा.वि. कुन प्रदेशको नमुना विद्यालय हो ?

(घ) महेन्द्र मा.वि.मा कति कक्षादेखि पढाइ हुन्छ ?

(ङ) विद्यालयका प्रथम सेक्रेटरी को हुनुहुन्थ्यो ?

## ५ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) शैक्षिक संस्था भनेको के हो ?

(ख) शैक्षिक संस्था स्थापनामा कसको भूमिका रहन्छ ?

(ग) भाषा पाठशाला कति सालमा मिडिल स्कुल बन्यो ?

(घ) महेन्द्र मा.वि.लाई किन सिल्ड प्रदान गरियो ?

(ङ) महेन्द्र मा.वि.को वर्तमान पूर्वाधार कस्तो छ ?

## ६ चित्र वर्णन गर्नुहोस् :





**७** **भानुभक्त प्राविधिक मा.वि.को स्थलगत भ्रमण गरी खाली ठाउँ भर्नुहोस् :**

विद्यालय नाम : भानुभक्त प्राविधिक मा.वि.

ठेगाना : ..............................................................................

स्थापना : ..............................................................................

संस्थापक अध्यक्ष : ..............................................................

संस्थापक प्रधानाध्यापक : ......................................................

प्राविधिक विद्यालय बनेको साल : ............................................

आध्यापन हुने विषयहरू : .......................................................

शिक्षक दरबन्दी : ...................................................................

विद्यार्थी सङ्ख्या : .................................................................

**८** **तपाईँ अध्ययनरत विद्यालयको संस्थापक अध्यक्ष/संस्थापक प्रधानाध्यापक/विद्यालय व्यवस्थापन समितिका अध्यक्षमध्ये उपस्थित हुन सम्भव हुने व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी विद्यालयको ऐतिहासिक पक्षका सन्दर्भमा छलफल गर्नुहोस् ।**

**९** **प्युठान क्याम्पसको स्थलगत भ्रमण गरी शैक्षिक अभियानमा यस क्याम्पसले पुऱ्याएको योगदान टिपोट गरी कक्षामा प्रस्तुति गर्नुहोस् ।**

**१०** **मल्लरानी गाउँपालिका शिक्षा शाखा प्रमुखलाई विद्यालयमा आमन्त्रण गरी गाउँपालिकाको शिक्षा क्षेत्रमा काम गर्ने सङ्घ संस्था तथा तिनको भूमिकाका सन्दर्भमा छलफल गर्नुहोस् ।**

पाठ
७

# अपाङ्ग सेवा सङ्घ र महिला सहयोग मञ्च

## अपाङ्ग सेवा सङ्घ

मल्लरानी गाउँपालिकाको शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, दलित, वातावरण आदि विभिन्न क्षेत्रमा काम गर्ने सङ्घ संस्थाहरू छन् । यस्ता सङ्घ संस्थाले गाउँपालिकासँग सहकार्य गरी काम गरिरहेका छन् । तीमध्ये अपाङ्ग सेवा सङ्घ पनि एउटा संस्था हो । राष्ट्रिय अपाङ्ग सेवा सङ्घ प्यूठानको नामबाट यो संस्था २०५९ सालमा स्थापना भएको हो । यस संस्थाको कार्यालय मल्लरानी गाउँपालिका स्थित खलङ्गा बजारमा रहेको छ । सङ्घले आफ्नै भवन निर्माण गरी दैनिक कामकाज सहज रूपमा गर्दै आएको छ ।

अपाङ्ग सेवा सङ्घको मुख्य कार्य अपाङ्गता भएका व्यक्तिहरूको जीवनयापनमा सहयोग पुऱ्याउनु हो । यस संस्थाले अपाङ्गता भएका व्यक्तिलाई उपचारका लागि सहयोग गर्दछ । अपाङ्गतासम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्दछ । अपाङ्गता भएका व्यक्तिहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दछ । त्यसैगरी अपाङ्गता



भएका व्यक्तिहरूको सञ्जालको गठन गर्छ । उनीहरूलाई नेतृत्व विकास तालिम प्रदान गरी क्षमता अभिवृद्धिमा मदत गर्छ । अपाङ्गता परिचय पत्रको सिफारिस गर्दछ । २०७१ सालदेखि खलङ्गामा शारीरिक अपाङ्गता भएका बालबालिकालाई आवासीय रूपमा पठनपाठनको व्यवस्था गरेको छ । अपाङ्ग सेवा सङ्घको कार्यक्षेत्र प्यूठान जिल्लाभरि रहेको छ । यो संस्थाले अपाङ्गतासम्बन्धी निम्न क्षेत्रका कार्यक्रमहरू गर्दछ :

- अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण
- क्षमता विकासका कार्यक्रम
- अपाङ्गतासम्बन्धी पैरवी, वकालत आदि
- उपचार तथा परामर्श सेवा
- अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री प्रदान
- अपाङ्गता न्यूनीकरणसम्बन्धी जनचेतना
- आयआर्जन र सिप विकासका कार्यक्रम
- अपाङ्गता परिचय पत्रको सिफारिस

## महिला सहयोग मञ्च

महिला सहयोग मञ्च प्यूठान सुशासनमा आधारित सम्मृद्ध समाज निर्माण गर्ने परिकल्पना लिई महिला तथा पछाडि पारिएका वर्गहरुलाई आर्थिक, सामाजिक र राजनैतिक रूपमा सशक्तीकरण गराउने ध्येयका साथ सशक्त महिला र स्वावलम्बी समाजको निर्माण गर्ने लक्ष्यअनुरूप २०६० सालमा जिल्ला प्रशासन कार्यालय प्यूठानमा दर्ता भएको हो । सोही अवधिमा नै समाज कल्याण परिषद् काठमाडौँमा आबद्ध भई सामाजिक संस्थाको रूपमा जिल्लामा कार्यरत छ । समुदायको एकीकृत विकासका लागि महिला र पुरुषको समान सहभागिताको आश्यकता र महत्त्वलाई उजागर गर्दै लैङ्गिक हिंसा न्यूनीकरणमा प्रयास रहने छ । पुरुषको समान सहभागिताको अनिवार्यता रहेको यथार्थतालई स्वीकार गर्ने परिपाटीको विकास गरी महिला र पुरुषहरू समुदायको विकासका सहयात्री हुन भन्ने भावनाको विकास गराइने छ । ग्रामीण महिला तथा पछाडि पारिएका समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने कुरामा यस संस्थाको भूमिका रहने छ । स्थानीय गैरसरकारी संस्थाको हैसियतले स्थापित यस संस्थाले विभिन्न दातृ निकायसँगको साझेदारीमा आर्थिक सामाजिक रूपान्तरणसम्बन्धी परियोजना तथा कार्यक्रमहरू सञ्चालन गरिने छ ।

समुदायस्तरका माग र आवश्यकतालाई राज्यका निकायहरू समक्ष पुऱ्याउने र राज्यबाट प्रवाह हुने सेवा सुविधा र विभिन्न नीतिगत तथा कानुनी प्रावधानलाई जनता समक्ष प्रवाह गर्न सहयोगीको भूमिका निर्वाह गर्ने माध्यमका रूपमा पनि परिचालित छ ।

प्यूठान जिल्लामा ग्रामीण महिलालगायत समाजमा पछाडि पारिएका वर्गको आर्थिक सामाजिक सशक्तीकरणमार्फत् समुदायको समग्र विकासमा योगदान पुऱ्याउने अभिप्रायले स्थापित सामाजिक संस्था महिला सहयोग मञ्च प्यूठानले डेढ दशक अवधि पार गरिसकेको छ । समुदायस्तरमा क्रियाशील महिला सहयोग मञ्चले प्यूठान जिल्लाको समग्र विकासमा योगदान पुग्ने गतिविधि सञ्चालन गर्ने छ । समुदायस्तरमा सामाजिक परिचालन, ग्रामीण महिलाको आर्थिक सामाजिक सशक्तीकरण, लैङ्गिक हिंसा विरुद्ध जनचेतना तथा वकालत, मानवअधिकार, महिला अधिकार, बाल अधिकार र सामाजिक न्यायलगायतका सामाजिक अभियान र मानवको प्रत्यक्ष जीवनसँग सरोकार राख्ने खानेपानी तथा स्वास्थ्य सरसफाइ जस्ता कार्यहरूमा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ । यो संस्था नेपाल सरकारको नीति नियमको परिधि भित्र कार्यरत छ ।

### संस्थाका उद्देश्यहरू निम्न लिखित छन् :

१. महिला तथा पछाडि पारिएका वर्गको सामाजिक, आर्थिक र राजनैतिक उत्थानका लागि अध्ययन अनुसन्धान गर्ने

२. आय आर्जन कार्यक्रम सञ्चालन गर्ने

३. समन्वय एवम् साझेदारी विस्तार गरी सामुदायिक विकास तथा सामाजिक जागरणसम्बन्धी काम गर्ने

४. महिला तथा मानव अधिकारसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने

५. समुदाय स्तरमा आधारित सेवाहरू जस्तै : शिक्षा, स्वस्थ्य, खानेपानी, सञ्चार र भौतिक निर्माणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने

६. महिला तथा पछाडि पारिएका वर्गको हक अधिकारको सुनिश्चितताको लागि वकालत गर्नुका साथै सूचनामूलक पुस्तिकाहरू प्रकाशन र प्रसारण गर्ने

### संस्थाको कार्य विशिष्टीकरणका क्षेत्रहरू :

- अध्ययन तथा अनुसन्धान

- लैङ्गिक हिंसा तथा घरेलु हिंसा विरुद्ध जनचेतनामूलक अभियान तथा पैरवी
- उद्यमशिलता विकास तथा सिप विकास र आयआर्जन कार्यक्रम
- महिला सशक्तीकरण तथा नेतृत्व विकास तथा क्षमता विकास
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी तालिम एवम् सहजीकरण
- लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण तथा लैङ्गिक बजेट परीक्षण
- मानवअधिकार, महिला अधिकार, बालअधिकारसम्बन्धी जनतेतना अभिवृद्धि तथा अधिकार संरक्षण र प्रवर्धनका लागि वकालत
- सामाजिक परिचालन तथा सामुदायिक विकाससम्बन्धी सहजीकरण र क्षमता विकास
- खानेपानी तथा सरसफाइ र वातावरण संरक्षण
- सामाजिक पुँजी निर्माण एवम् व्यवस्थापन र सहकारीकरण
- बालअधिकार संरक्षण तथा प्रवर्धन

# अभ्यास

**१ ठिक बेठिक छुट्याउनुहोस् :**

(क) मल्लरानी गाउँपालिकामा विभिन्न सङ्घ संस्थाले सहकार्य गरेका छन् । [ ]

(ख) अपाङ्ग सेवा सङ्घले अपाङ्हरूलाई आवासको व्यवस्था गर्छ । [ ]

(ग) खलङ्गामा अपाङ्ग बालबालिकाका लागि आवासीय निकाय छ । [ ]

(घ) महिला सहयोग मञ्चले आधा दशक अवधि पार गरिसकेको छ । [ ]

## २ दिइएको प्रश्नको उत्तर भन्नुहोस् :

(क) अपाङ्ग सेवा सङ्घको कार्यालय कहाँ छ ?

(ख) अपाङ्ग सेवा सङ्घ कहिले स्थापना भएको हो ?

(ग) आय आर्जनका काम भन्नाले के बुझिन्छ ?

(घ) महिला सहयोग मञ्च कुन जिल्लामा सञ्चालित छ ?

(ङ) महिला सहयोग मञ्चले कस्ता सेवाहरू प्रदान गर्छ ?

## ३ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) अपाङ्ग सेवा सङ्घले कहिले विद्यालय स्थापना गऱ्यो ?

(ख) अपाङ्ग सेवा सङ्घले गर्ने प्रमुख चारओटा काम के के हुन् ?

(ग) महिला सहयोग मञ्च स्थापनाको मुख्य उद्देश्य के हो ?

(घ) महिला सहयोग मञ्चले गर्ने प्रमुख चारओटा काम के के हुन् ?

(ङ) कुन संस्थाले महिला सशक्तीकरणका क्षेत्रमा काम गर्छ ?

## ४ चित्र वर्णन गर्नुहोस् :



५ मल्लरानी गाउँपालिकाको सामाजिक क्षेत्रको विकासमा भूमिका खेल्ने सङ्घ संस्थाको सूची बनाउनुहोस् ।

६ तालिकामा लेख्नुहोस् :

| अपाङ्ग सेवा सङ्घका प्रमुख कार्य | महिला सहयोग मञ्चका प्रमुख कार्य |
|---|---|
| १ | १ |
| २ | २ |
| ३ | ३ |
| ४ | ४ |
| ५ | ५ |

७ तपाईँ बसोबास गर्ने वडामा सक्रिय कुनै संस्थाको प्रगति प्रतिवेदन अध्ययन गरी मुख्य मुख्य कुरा टिपोट गर्नुहोस् ।

८ अपाङ्ग सेवा सङ्घका प्रतिनिधिलाई विद्यालयमा आमन्त्रण गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्नुहोस् ।

९ महिला सहयोग मञ्चका प्रतिनिधिलाई विद्यालयमा आमन्त्रण गरी महिला सशक्तीकरणमा भएका उपलब्धिहरूका सन्दर्भमा छलफल गर्नुहोस् ।

पाठ ३

# समाजसेवी कृष्णप्रसाद श्रेष्ठ



स्व. पिता श्री श्यामप्रसाद श्रेष्ठ र स्व. माता श्री तुलकुमारी श्रेष्ठको कोखबाट तत्कालीन खलङ्गा गाउँ पञ्चायत वडा न. ३ डाँडापसल, खलङ्गा प्यूठानमा २००४ साल फाल्गुन १७ गतेका दिन साइँला सुपुत्रका रूपमा कृष्णप्रसाद श्रेष्ठको जन्म भएको हो । कृष्णप्रसाद श्रेष्ठ बाल्यकालमा नटखट, चञ्चले र चलाख खालको स्वभावका थिए । उनको स्वभाव ससाना बालबालिकासँग खेल्दाबस्दा पनि एक आपसमा सहयोगी भूमिका निर्वाह गर्ने, एक आपसमा बाँडेर मिलीजुली खाने कसैलाई अनावश्यक दुःख नदिने, कसैले गरेको पाएमा तुरुन्त प्रतिवाद र साथ दिने जस्ता व्यवहारले उनको हरेक बाल गतिविधि सकारात्मक देखिन्थे । कृष्णप्रसादले पाँच छ वर्षको उमेरमा घरका अभिभावकको उत्प्रेरणामा तत्कालीन वैष्णव गुरु जितबहादुरको न्यानो मायामा कखरा पढ्ने वातावरण पाएका उनले भाषा पाठशालामा खलङ्गा बजार स्थित गणेश मन्दिरको नजिकैको पौवामा कक्षा ७ सम्मको शिक्षा हासिल गरेका थिए ।

सायद अभिभावकको असल व्यवहारले उनलाई अनुशासित, इमानदार, कर्तव्यनिष्ठ,

मिलनसार एवम् सामाजिक भावनाको विकास भएको देखिन्थ्यो । बाल्यकालमा प्रायजसो बिहान सबेरै बाबुछोरा गोठमा घाँस, दानापानी लिएर जाने क्रममा बाटोमा वर्षातको पानीले बेसरी निर्थुक्क हुने गरी दुवैलाई भिजाउँदा बाबाले छोरा कृष्णलाई भन्नु भएछ, "हेर बाबु यहाँ एउटा पुरानो पौवा थियो । त्यो पौवा अहिले नहुँदा हामीले यसरी भिज्नु पऱ्यो । त्यसैले यहाँ एउटा पौवा बनाउनु पर्छ । इमानदारीका साथ समाजसेवा गर्नुपर्छ । झुटो बोल्नुहुँदैन । कसैलाई दुःख दिने र रुवाउने गर्नुहुँदैन ।"

तत्कालीन खलङ्गा गाउँ पञ्चायत वडा न. ३ को अध्यक्ष भएका वेला स्थानीय बासीहरूसँग चन्दा सङ्कलन गरी कृष्णप्रसाद श्रेष्ठको सक्रियतामा खलङ्गा तिर्तिरे धारा, पौवा र राधकृष्ण मन्दिर निर्माण कार्य सम्पन्न भएको हो । २०७६ साल चैत्र २० गते रामनवमीका दिन बिहान ८ बजे श्रीमतीलाई अस्पताल उपचार गर्न लैजाने क्रममा आकस्मिक मृत्यु भएका कारण उनको सम्झनामा २०७७ आषाढमा तिर्तिरे धारा, पौवा र मन्दिर परिसरमा शौचालय र रेलिङ, सिँढीसहितको संरचना निर्माण गरी पौवा अगाडि स्व. महालक्ष्मी श्रेष्ठको सम्झना स्वरूप ताम्रपत्र स्थापित गरिएको हो ।

मल्लरानी गाउँपालिका वडा न. ४ मा अवस्थित श्री कुना झाँक्री महाराज पिकनिक परिसरमा ३० फिट लम्बाइ १५ फिट चौडा क्षेत्रफल भएको प्रतीक्षालय श्री कृष्णप्रसाद श्रेष्ठको छोराबुहारी सन्तोष, टुम्ला नाति सन्दिप र स्वरूप श्रेष्ठको आर्थिक सहयोगमा निर्माण भई २०७८ वैशाख ८ गते तत्कालीन माननीय सांसद् दुर्गा पौडेलज्यूद्वारा समुद्घाटन भएको थियो ।

साविकको खलङ्गा गा.वि.स.को अध्यक्ष भई नेतृत्व लिएको वेला भारत सरकारबाट भारतीय भू.पू. सैनिकहरूलाई सचेत र सजक बनाई खानेपानी माग गरी खलङ्गा गा.वि.स. वडा नं. ७ सारिवाडमा खानेपानीको व्यवस्था भएपछि त्यहाँका जनतालाई राहत भयो ।

कृष्णप्रसादले करिब २० वर्षको उमेरमा तत्कालीन खलङ्गा स्वास्थ्य केन्द्रमा प्रवेश गरे । डाक्टर नरेन्द्रप्रसाद सिन्हा, कम्पाउन्डर वंशीकृष्ण मल्ल र स्वास्थ्य सहयोगी राजमान सिंह रहेको उक्त केन्द्रमा उनले २०२० सालदेखि औषधी पिँधेर गोली बनाउने, औषधी भण्डारण गर्ने, स्वास्थ्यसम्बन्धी जानकारी लिने तथा उपकरणहरू मर्मत गर्ने कार्य गरे ।

स्वास्थ्य केन्द्रको हिसाब राख्ने, औषधीको आम्दानी राख्ने, जस्ता जिम्मेवारीका साथ स्वयम्सेवकको रूपमा काम गरे । केही समयपछि कार्यालय सहायकको जिम्मेवारीमा २०२० सालमा नियुक्त भई कामकाज गरे । कृष्णप्रसाद श्रेष्ठले हे. अ. राजमान सिंहको सरुवा पश्चात् २०२४ सालमा राजिनामा गरी स्वास्थ्य अनुभव बटुलेर स्वयंले रु. २०,००० को लगानीमा लखनाउबाट औषधी ल्याई प्यूठान जिल्लाकै पहिलो औषधी पसल खोले ।

विकास निर्माण तथा स्वास्थ्य सेवामा समर्पित कृष्णप्रसादको योगदानलाई मल्लरानीका जनताले मुक्त कण्ठले प्रशंसा गर्छन् । उनले आफ्नो समाजलाई दिएको योगदान अविस्मरणीय छ । उनीबाट हामी समाज सेवामा लाग्ने प्रेरणा पाउँछौँ ।

# अभ्यास

## १ ठिक बेठिक छुट्यानुहोस् :

(क) कृष्णप्रसाद श्रेष्ठको जन्म २००४ सालमा भएको थियो । ☐

(ख) कृष्णप्रसाद श्रेष्ठले रामसीता मन्दिर बनाए । ☐

(ग) बुबाको प्रेरणाबाट कृष्ण प्रसाद समाजसेवामा लागे । ☐

(घ) कृष्णप्रसाद श्रेष्ठ स्वास्थ्य सेवामा समर्पित भए । ☐

## २ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) कृष्णप्रसाद श्रेष्ठका मातापिताको नाम भन्नुहोस् ।

(ख) प्रतीक्षालय कसले उद्घाटन गर्नुभयो ।

(ग) कृष्णप्रसादले कोसँग कखरा सिके ?

(घ) कृष्णप्रसादकी श्रीमतीको कहिले निधन भयो ?

## ३ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) कृष्णप्रसाद श्रेष्ठको जन्म कहाँ भएको थियो ?

(ख) बाल्यकालमा कृष्णप्रसादको स्वभाव कस्तो थियो ?

(ग) कृष्णप्रसादले कार्यालय सहायकबाट कहिले राजिनामा दिए ?

(घ) कृष्णप्रसाद कसको प्रेरणाले समाज सेवामा लागे ?

## ४ मल्लरानी गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिका बारेमा लेख्नुहोस् :

नाम : ..........................................................................

जन्म : ..........................................................................

ठेगाना : ..........................................................................

मातापिता : ..........................................................................

मृत्यु (यदि मृत्यु भएको भए) : ..........................................................

प्रमुख योगदान : ..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

प्रेरणा : ..........................................................................

## ५ समाजसेवी कृष्णप्रसाद श्रेष्ठको परिवारका सदस्यलाई विद्यालयमा आमन्त्रण गरी उहाँको सङ्घर्ष र योगदानका विषयमा छलफल गर्नुहोस् ।

**६** कृष्णप्रसाद श्रेष्ठले गरेका मुख्य मुख्य कामहरू चार्टपेपरमा टिपोट गरी कक्षामा प्रस्तुति गर्नुहोस् :

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

**७** कृष्णप्रसाद श्रेष्ठको जीवनी लेखी भित्ते पत्रिकामा टाँस्नुहोस् ।

एकाइ ६

# विपत् व्यवस्थापन र सुरक्षित विद्यालय

## पूर्व पठन

१. दिइएको चित्र हेरी छलफल गर्नुहोस् :



स्थानीय सामुदायिक वनमा लागेको आगो




पर्खालयुक्त गरिएको श्री अमर माध्यमिक विद्यालय

२. दिइएका प्रश्नका बारेमा समूहमा छलफल गरी कक्षामा प्रस्तुति गर्नुहोस् :

(क) तपाईँले कुनै विपत्को सामना गर्नु परेको छ ?

(ख) विपत्बाट कसरी बच्न सकिएला ?

पाठ १

# प्राकृतिक तथा मानवीय प्रकोप

मानिसको नियन्त्रणमा नरहने किसिमका प्रकोपलाई प्राकृतिक प्रकोप भनिन्छ । भूकम्प, हावाहुरी, बाढी, पहिरो आदि प्राकृतिक प्रकोपका उदाहरण हुन् । प्राकृतिक प्रकोपहरूले हामीलाई कुन समयमा समस्या पार्छन् भन्ने पनि अनुमान गर्न गाह्रो हुन्छ । भूकम्प कहिले जान सक्छ भन्ने विषयमा वैज्ञानिकहरूले हालसम्म पनि कुनै आविष्कार गर्न सकेका छैनन् । त्यसैगरी चैत, वैशाख महिनामा हावाहुरी चल्छ भनेर अनुमान मात्र गर्न सकिन्छ । असार, साउन, भदौ महिनातिर बाढी पहिरोको प्रकोप होला भनेर अनुमान गर्न सकिन्छ । यो अनुमान सधैँ सत्य सावित हुँदैन ।

प्राकृतिक प्रकोपलाई मानिसले रोकथाम गर्न सम्भव हुँदैन । यसलाई केवल न्यूनीकरण मात्र गर्न सकिन्छ । प्राकृतिक प्रकोप न्यूनीकरणका लागि प्रकोपको अवस्था पहिचान गरी विभिन्न काम गर्नुपर्छ । जस्तै : बाढी, पहिरो आदिको प्रकोपलाई न्यूनीकरण गर्न वृक्षरोपण गर्ने, वन जङ्गलको संरक्षण गर्ने, नदी किनारमा तार जाली लगाउने, कमजोर भूबनोट भएको स्थानमा बस्ती नबसाल्ने जस्ता कुरामा ध्यान दिनुपर्छ ।



मल्लरानीको स्थानीय स्तरमा विपत् व्यवस्थापनसम्बधी काम गरिरहेका

प्राकृतिक प्रकोपका केही उदाहरणहरूलाई तल दिइएको चित्र हेरी स्पष्ट हुनुहोस् :




मानिसको असावधानी वा लापर्बाहीका कारण हुने प्रकोपलाई मानवीय प्रकोप भनिन्छ । मानवीय प्रकोपलाई पूर्ण रूपमा नियन्त्रण गर्न सकिन्छ । आगलागी, डढेलो आदि मानवीय प्रकोपका उदाहरण हुन् । मानवीय



प्रकोपलाई नियन्त्रण गर्नका लागि जनतालाई सचेत गराउनुपर्छ । कतिपय अवस्थामा कडा कानुनी व्यवस्था अपनाएर पनि यस्ता विपत् रोकथाम गर्न सहज हुन्छ ।

मानवीय प्रकोपका केही उदाहरणलाई तल दिइएको चित्र हेरी स्पष्ट हुनुहोस् :




प्राकृतिक तथा मानवी प्रकोपबाट सुरक्षित हुन स्थानीय सरकारले गरेका प्रयासहरू निम्न लिखित छन् :

- जनचेतनामूलक कार्यक्रम सञ्चालन
- वृक्षरोपण गर्ने तथा वनजङ्गल संरक्षण
- खोलाहरूमा तारजाली भराउने
- तटबन्धको व्यवस्था
- सडकको स्तरोन्नति
- बाटोघाटो निर्माण
- आपत्कालीन उद्धारका सामग्रीको व्यवस्था
- आपत्कालीन उपचार सामग्रीको व्यवस्था
- पीडितहरूका लागि राहत सामग्रीको व्यवस्था

# अभ्यास

## १ खाली ठाउँ भर्नुहोस् :

(क) प्राकृतिक प्रकोपलाई मानिसले ................ गर्न सक्दैन ।

(ख) प्राय : चैत, वैशाख महिनामा ................. जान्छ ।

(ग) करेन्ट लाग्नु .................. प्रकोपको उदाहरण हो ।

(घ) गाउँपालिकाले आपतकालीन ................. सामग्रीको व्यवस्था गर्नुपर्छ ।

## २ दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) कुन प्रकोपको पूर्वानुमान गर्न गाह्रो हुन्छ ?

(ख) नदी किनारमा किन तारजाली लगाउनुपर्छ ?

(ग) कस्तो प्रकोपलाई नियन्त्रणा गर्न सकिन्छ ?

(घ) बाढीको प्रकोपबाट के के गर्नुपर्छ ?

## ३ दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) प्राय : बाढी, पहिरो जाने मौसम कुन हो ?

(ख) कस्तो स्थानमा बस्ती बसाल्नुपर्छ ?

(ग) मानवीय विपत्का कुनै तीनओटा उदाहरण लेख्नुहोस् ।

(घ) प्रकोपबाट सुरक्षित राख्न स्थानीय सरकारले गर्ने तीनओटा कार्य के के हुन् ?

४ चित्र वर्णन गर्नुहोस् :



५ तपाईँ बसोबास गर्ने वडाको प्रमुख विपत् के के हुन् ? तालिकामा लेख्नुहोस् :

| प्राकृतिक विपत् | मानवीय विपत् |
|---|---|
| १ | १ |
| २ | २ |
| ३ | ३ |
| ४ | ४ |

६ मल्लरानी गाउँपालिका प्रतिनिधिलाई विद्यालयमा आमन्त्रण गरी विपत् व्यवस्थापनका लागि गरेका प्रयासका सन्दर्भमा छलफल गर्नुहोस् ।

७ विपत्बाट बचौँ र बचाऔँ भन्ने नारा लगाउँदै विद्यालय आसपासका क्षेत्रमा र्‍याली गर्नुहोस् ।

पाठ ३

# सुरक्षित विद्यालय

सुरक्षित विद्यालय भन्नाले विद्यालयमा कुनै पनि किसिमको भय र त्रास नभएको अवस्थालाई बुझ्नुपर्छ । विद्यार्थीहरू विद्यालयमा पढ्न लेख्न आउने गर्छन् । कुनै पनि किसिमको डर त्रासको वातावरण भयो भने बालबालिकाको पढाइको स्तर खस्किन्छ । त्यसैले सुरक्षित विद्यालयमा निम्न सर्तहरू पूरा हुनुपर्छ ।

- प्राकृतिक प्रकोपको जोखिम हुनुहुँदैन ।
- जनावरहरूको भय हुनुहुँदैन ।
- मानवीय प्रकोपको जोखिम हुनुहुँदैन ।
- आँधीहुरी तथा जाडो, गर्मीले प्रभाव पार्नुहुँदैन ।
- शौचालय तथा खानेपानीको राम्रो प्रबन्ध हुनुपर्छ ।
- विद्यालय हाता कम्पाउन्ड गरिएको हुनुपर्छ ।
- विद्यालयमा कोही कसैले पनि गालीगलौज गर्ने वातावरण हुनुहुँदैन ।
- विद्यालयमा कोही कसैले पनि कुटपिट गर्ने वातावरण हुनुहुदैँन ।
- विद्यालय भवन भूकम्पीय दृष्टिले खतरा हुनुहुँदैन ।
- विद्यालय रहेको स्थानमा बाढी, पहिरो आदिको त्रास हुनुहुँदैन ।

## सुरक्षित विद्यालय व्यवस्थापनका तरिकाहरू निम्न लिखित छन् :

- सुरक्षित विद्यालय विद्यालयसम्बन्धी धारणा स्पष्ट पार्ने
- भूकम्पले नभत्किने किसिमका भवन बनाउने
- बाढी, पहिरोको डर नहुने स्थानमा विद्यालय स्थापना गर्ने

- समुदायलाई विद्यालय आसपासमा छाडा जनावर नछोड्नका लागि अनुरोध गर्ने
- शिक्षकहरूलाई बालमैत्री तरिकाले शिक्षण गर्न तालिमको व्यवस्था गर्ने
- विद्यालय वरिपरि जाँड रक्सी जस्ता मादक पदार्थ सेवन र बेचबिखनमा बन्देज लगाउने
- विद्यालय हातालाई कम्पाउन्ड गर्ने
- विद्यालयमा शौचालय, खानेपानी आदिको प्रबन्ध मिलाउने
- जाडो तथा गर्मीको प्रभाव कम गराउने सामग्री वा उपकरणको व्यवस्था गर्ने



# अभ्यास

**१ दिइएको प्रश्नको उत्तर भन्नुहोस् :**

(क) सुरक्षित विद्यालय भन्नाले के बुझिन्छ ?

(ख) कहाँ जनावरको भय हुनुहुँदैन ?

(ग) कस्तो स्थानमा विद्यालय सञ्चालन गर्नुपर्छ ?

(घ) जनावर छाडा नछेड्न कसलाई अपिल गर्नुपर्छ ?

## २ दिइएको प्रश्नको उत्तर लेख्नुहोस् :

(क) विद्यालय भवन कस्तो हुनुपर्छ ?

(ख) बालबालिकाको पढाइको स्तर किन खस्किन्छ ?

(ग) सुरक्षित विद्यालयका कुनै तीनओटा सर्तहरू लेख्नुहोस् ।

(घ) जाडो तथा गर्मीबाट बच्न के गर्नुपर्छ ?

## ३ दिइएको चित्र हेरी तुलना गर्नुहोस् :





## ४ तपाईँ अध्ययनरत विद्यालयमा सुरक्षित विद्यालयका कुन कुन सर्तहरू छन् ? लेख्नुहोस् :

### सुरक्षित विद्यालयमा सर्तहरू :

१. ..............................................................................................

२. ..............................................................................................

३. ..............................................................................................

४. ..............................................................................................

५. ............................................................................................

६. ............................................................................................

७. ............................................................................................

**५** विद्यालयलाई सुरक्षित बनाउने उपायका सन्दर्भमा शिक्षकहरूसँग अन्तरक्रिया गर्नुहोस् ।

**६** सुरक्षित विद्यालयको आवश्यकता शीर्षकमा छलफल गरी कक्षा प्रस्तुति गर्नुहोस् ।

**७** मल्लरानी गाउँपालिकाले सुरक्षित विद्यालयका लागि अवलम्बन गरेको मितिमा सम्बन्धमा पालिकाका शिक्षा शाखा प्रमुखलाई भेटेर मुख्य मुख्य विषयवस्तु टिपोट गर्नुहोस् :

............................................................................................

............................................................................................

............................................................................................

............................................................................................

............................................................................................

............................................................................................

............................................................................................

............................................................................................

............................................................................................

**नोट :**

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

...................................................................... ।




जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**मल्लरानी गाउँपालिका**

प्यूठान, लुम्बिनी प्रदेश, नेपाल